# मोदीको ग्यारेण्टी

## विकसित भारत
## विकसित सिक्किम

# सङ्कल्प पत्र
# 2024



प्रगतिको निम्ति विश्वासका साथ, कमल छाप

# भारतीय जनता पार्टी

## सिक्किम

# विषय सूची


भाजपा, सिक्किम प्रदेश अध्यक्षको सन्देश 04

दर्शन पत्र २०२४ समिति अध्यक्षको सन्देश 05

मुख्य बुँदाहरू 07

सिक्किम प्रथम 13

शिक्षाको ग्यारेण्टी 17

किसानको समृद्धिको ग्यारेण्टी 21

स्वास्थ्य सुविधाको ग्यारेण्टी 27

पर्यटन विकासको ग्यारेण्टी 33

महिला सशक्तिकरणको ग्यारेण्टी 37

युवा सशक्तिकरणको ग्यारेण्टी 41

सबैको साथ, सबैको विकास 47

आर्थिक एवं औद्योगिक विकासको ग्यारेण्टी 55

बलियो पूर्वाधारको ग्यारेण्टी 61

सुशासनको ग्यारेण्टी 69

# भाजपा सिक्किम प्रदेश अध्यक्षको सन्देश

आदरणीय जनगण,



देशका यशस्वी प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीको दुरदर्शी नेतृत्वको कारण गत वर्ष 2014 देखि सिक्किमको विकास र पूर्वाधार निर्माणको निम्ति अतुलनीय सहयोग प्राप्त गर्दै आएको सिक्किमे जनताको आँखाबाट लुकेको छैन। प्रधानमन्त्रीको विकसित भारतको परिकल्पनालाई साकार बनाउन भारतीय जनता पार्टी सिक्किम पूर्ण प्रतिवद्धताको साथमा विकसित सिक्किमको निम्ति यो दर्शन-पत्र आम जनतामा लिएर आएका छौं।

भारतीय जनता पार्टी, सिक्किमे जनताको माग र आवश्यकताहरूलाई पूरा गर्न कटिवद्ध छ। यी माग र आवश्यकताहरूलाई पूरा गर्ने हाम्रो सङ्कल्पहरू यस विकसित भारत, विकसित सिक्किम संकल्प-पत्र 2024'' मा समावेश छन्।

यो सङ्कल्प पत्रमा उल्लेखित वाचाहरू जनतालाई लोभ्याउने मात्र नभएर सिक्किमको दीर्घमियादी विकाससँग-सँगै उन्नति र प्रगतिको निम्ति हाम्रो प्रतिवद्धता पनि हो। जसअन्तर्गत राज्यमा खस्कँदो यातायातमा सुधार, युवाहरूलाई रोजगारका अवसरहरूको सिर्जना, नारी सशक्तिकरण, प्राचीन तथा मौलिक संस्कृति र परम्पराहरूको संरक्षण, दिगो कृषि विकास, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा अनि सिक्किमे समाजको आपसी सद्भावनालाई जोगाएर राख्ने आदि विषयहरू हाम्रो पहिलो प्राथमिकता रहेको छ।

माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको दिग्दर्शनमा सिक्किमे जनताप्रति समर्पित 'मोदीको ग्यारेन्टी' अन्तर्गत विभिन्न योजनाहरूलाई यहाँका जनताले अन्तरआत्मादेखि नै समर्थन दिइरहेका छन्। सिक्किमका अति आदरणीय आमा-बाबा, दाजु-भाइ, दिदी-बहिनीहरूले शान्ति, भ्रष्टाचारमुक्त, ऋणमुक्त, आत्मनिर्भर, विकसित र समृद्ध सिक्किम निर्माणको निम्ति आगामी चुनावमा भारतीय जनता पार्टीप्रति विश्वास राख्नुहुनेछ भन्ने कुरामा म विशस्त छु।

अन्तमा स्वर्णीम सिक्किम निर्माणको निम्ति उल्लेखित विषयहरूलाई पूरा गर्न सिक्किमे जनताबाट अपार साथ र सहयोगको अपेक्षा राख्दै यहाँहरू अघि यो सङ्कल्प-पत्र समर्पण गर्दछु।

जय हिन्द, जय सिक्किम

यहाँहरूको सेवक

**श्री डी. आर. थापा**
**प्रदेश अध्यक्ष**
**भारतीय जनता पार्टी, सिक्किम**

# सङ्कल्प-पत्र समिति अध्यक्षको सन्देश



मेरा प्यारा दाजु-भाइ तथा दिदी-बहिनीहरू

पूर्वोत्तर भारतमा भएका विकासीय कार्यहरू आज हाम्रा माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विकसित भारत-को एक ज्वलन्त उदाहरण हो। पछिल्लो दशकमा हाम्रा माननीय प्रधानमन्त्रीको नेतृत्त्वमा शान्ति एवं समृद्ध भारतको मन्त्रले पूर्वोत्तर राज्यहरूको विकासमा निर्णायक भूमिका खेलेको छ। उत्तर-पूर्वीय राज्यहरूमा जुन प्रकारले द्रुत गतिमा अभूतपूर्व विकास भइरहेको छ, त्यो नै मोदीको ग्यारेण्टीको एक स्पष्ट उदाहरण हो।

सिक्किमको वर्तमान स्थितिलाई ध्यानमा राख्दै राज्यको उज्ज्वल भविष्य निर्माणको परिकल्पना गर्दै हामी अत्यन्तै गर्ववोधसँग यो "विकसित भारत, विकसित सिक्किम, सङ्कल्प-पत्र 2024" यहाँहरूमाझ सम्प्रेषण गर्दछौं। भारतीय जनता पार्टीले जनहितको निम्ति तयार पारेको यो सङ्कल्प पत्रले नै हाम्रो पार्टी सिक्किम र सिक्किमे जनताप्रति कतिको समर्पित र प्रतिवद्ध छ भन्ने कुरा दर्शाउँदछ। यो सङ्कल्प पत्रको आधारमा नै सिक्किमे जनताका हरेक आकाङ्क्षाहरू पूरा गर्न समाजको अन्तिम तहसम्म पुग्ने छौं।


सिक्किम आमाको आत्मसम्मानलाई बचाउँन आगामी चुनावमा सिक्किमे जनताले भारतीय जनता पार्टीलाई साथ दिनेछन् भन्ने विषयमा म विश्वस्त छु। यस सङ्कल्प पत्रमा समावेश गरिएका विषयहरू नै भोलिको शान्ति र समृद्ध सिक्किमको आधारशिला बन्नेछन्, जुन हाम्रा माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीद्वारा सङ्कल्पित विकसित सिक्किम, विकसित भारतको निम्ति एउटा माइलखुट्टी बन्नेछ।

आउनुहोस् हामी सबै मिलेर 'विकसित भारत, विकसित सिक्किम' बनाउने वाचा गरौं।

जय हिन्द, जय सिक्किम

न्यानो सम्झनासहित

**श्री डी. आर. गिरी, अध्यक्ष, सङ्कल्प-पत्र समिति**
**श्री सी. पी. शर्मा, सदस्य, सङ्कल्प-पत्र समिति**
**पासाङ ग्याली शेर्पा, सदस्य, सङ्कल्प-पत्र समिति**
**डा. कमल गुरुङ, सदस्य, सङ्कल्प-पत्र समिति**


KARMA SHRI NALANDA INSTITUTE








SIKKIM PREMIER LEAGUE 2024
TOGETHER FOR SIKKIM FOOTBALL




# मुख्य बुँदाहरू

## सिक्किम प्रथम

- सिक्किमको शान्ति-श्रृङ्खला साथै सम्पूर्ण सिक्किमे समाजबीच आपसी सद्भावना र भाइचारा सुनिश्चित गर्नु हाम्रो पहिलो प्रतिवद्धता रहनेछ।
- सिक्किमको सुरक्षा कवचको रूपमा रहेको धारा 371F अन्तर्गत सिक्किमे जनताका सम्पूर्ण हक-अधिकारको सुरक्षा गर्न हामी प्रतिबद्ध छौं।
- सिक्किम विधानसभामा लिम्बू-तामाङ समुदायको आसन आरक्षणको मागलाई सम्बोधन गर्न सम्बन्धित हितधारकहरूसँग परामर्श गरी काम अघि बढ़ाइनेछ।
- छुटेका 12 जात-गोष्ठिको जनजाति मान्यताको सम्वैधानिक मागलाई सम्बोधन गर्न यथाशिघ्र विशेष समिति गठन गरिनेछ।
- सिक्किमका भोटिया-लेप्चा र लिम्बू भाषालाई भारतको सम्विधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गर्न ठोस पहल गर्नेछौं।

## शिक्षाको ग्यारेण्टी

- राज्यमा प्रशस्त शैक्षिक पूर्वाधारहरूको निर्माण गरी सिक्किमलाई शिक्षाको केन्द्रबिन्दु (Education Hub)-को रूपमा विकास गरिनेछ।
- रिज्यमा Sikkim State Board of Education – को स्थापना गरी सिक्किमको प्राचीन इतिहास र सांस्कृतिक धरोहरलाई सरकारी स्कूलका पाठयक्रमहरूमा समावेश गरिनेछ।
- केन्द्र सरकारको सहकार्यमा राज्यमा Indian Institute of Management (IIM), National Institute of Design (NID) र Indian Institute of Hotel Management (IHM) जस्ता प्रतिष्ठित शैक्षिक संस्थानहरू स्थापना गरिनेछ।
- राज्यमा Super-30 योजना शुरू गरी प्रति वर्ष 30 जना मेधावी विद्यार्थीहरूलाई छनौट गरेर JEE, NEET, CLAT, CUET आदि जस्ता परीक्षाहरूको तयारीका निम्ति देशकै प्रतिष्ठित कोचिङ सेण्टरहरूमा नि:शुल्क प्रशिक्षणको व्यवस्था गरिनेछ।

- PM SHRI योजना जस्तै सिक्किममा 35 करोड़को कोष आवण्टन गरी राज्यमा Sikkim SHRI Mission शुरू गरिनेछ, जसअन्तर्गत राज्यमा विद्यमान सबै सरकारी महाविद्यालयहरूका संरचनाहरूलाई अत्याधुनिक सुविधायुक्त बनाइनेछ।

## किसानको समृद्धिको ग्यारेण्टी

- पीएम किसान योजना अन्तर्गत प्रदान गरिने आर्थिक सहायता राशि रू. 6,000/- लाई बढ़ाएर वार्षिक रू.9,000/- गरिनेछ।
- सिक्किमको कृषि क्षेत्रमा बुनियाँदी सुधारका निम्त सिक्किम एग्री-इन्फ्रा मिसन-को शुरूवात गरिनेछ, जसको निम्ति अलग्गै रू. 500 करोड़ छुट्टयाइनेछ।
- सिक्किममा ट्रपिकल फ्रुट मिशनको शुरूवात गर्दै सुन्तला, मेवा, अम्बक, केरा लिची, ज्याकफ्रुट, एभोकाडो र डर्यागन फ्रुट आदि खेतीमा विशेष ध्यान केन्द्रित गरी २,००० हेक्टर जमीनमा खेती विस्तार गरिनेछ। जसको निम्ति इच्छुक किसानहरूलाई सब्सिडी प्रदान गरिनेछ।
- राज्यमा नर्सरीहरू, प्रशोधन केन्द्रहरू र शीत भण्डारहरू निर्माण गर्न रू. 50 करोड़ कोष आवण्टन गरेर Floriculture Mission शुरू गरिनेछ।

- सिक्किममा पाइने सुन्तला र कत्ले माछालाई GI Tag-को मान्यता सुनिश्चित गर्न विशेष पहल गरिनेछ।

## स्वास्थ्य सुविधाको ग्यारेण्टी

- केन्द्र सरकारसँग सहकार्य गरी राज्यमा क्षेत्रीय चिकित्सा विज्ञान संस्थान (Regional Institute of Medical Sciences (RIMS) स्थापना गरिनेछ। जसअन्तर्गत Advanced Modular OTs, Diagnostic Facilities, र Super-Speciality Department-हरूको सुविधा सुनिश्चित गरिनेछ।
- PM Ayushman Bharat Yojana अन्तर्गत राज्यका सबै योग्य लाभार्थीहरूलाई Free Health Insurance Coverage सुनिश्चित गरिनेछ।
- Rashtriya Arogya Nidhi कार्यक्रम अन्तर्गत राज्यका बीपीएल परिवारका रोगीले मुटु, फोक्सो, लिभर र किड्नी प्रत्यारोपण (Transplant) गर्न परे रू. 15 लाखसम्म आर्थिक सहयोग प्रदान गरिनेछ।
- राज्यका प्रत्येक ब्लकमा प्रधानमन्त्री जनऔषधी केन्द्रहरू स्थापना गरिनेछ, जहाँ खुल्ला बजारमा पाइने ब्रान्डेड औषधिको तुलनामा 90 % सम्म सस्तो मूल्यमा गुणस्तरीय औषधि उपलब्ध हुनेछ।

- राज्यका नागरिकहरूको शारीरिक र मानसिक स्वस्थताको सुनिश्चित गर्न Sikkim Yoga Board गठन गरी प्रभावी पहलहरू गरिनेछ।

## पर्यटन विकासको ग्यारेण्टी

- राज्यमा पर्यटन नीति लागू गरी वर्षैभरि आवागमनको सुनिश्चित गरिनेछ।
- केन्द्र सरकारको National Federation of Tourism and Transport Cooperatives of India Ltd.-सँग सहकार्य गरी राज्यमा पनि Sikkim Tourism Cooperative Society शुरू गरिनेछ। जसअन्तर्गत स्थानीय युवाहरूको निम्ति जीविकोपार्जन र रोजगारका विभिन्न अवसरहरू सिर्जना गरिनेछ।
- सिक्किमलाई साहसिक खेल पर्यटनको राजधानीको रूपमा विकसित गर्न Trekking, Hiking, Paragliding, Bungee-Jumpin, Zip-Lining, Rock Climbing, Mountain Biking, Kayaking र River Rafting आदि जस्ता पर्यटन स्थलहरूको विकास गरिनेछ।
- हामी Vibrant Villages Programme अन्तर्गत राज्यका Model Tourism Village-हरू चयन गरी ग्रामीण पर्या-पर्यटनको रूपमा विकास गर्नेछौं।
- Work from Sikkim Initiative कार्यक्रम अन्तर्गत राज्यमा धेरै संख्यामा काममैत्री होमस्टे (Work friendly homestay) निर्माण गरी सिक्किमलाई कार्यस्थल गन्तव्य (Workcation destination) —को रूपमा विकसित गरिनेछ।

## महिला सशक्तिकरणको ग्यारेण्टी

- राज्यका स्वयं सहायता समूह (SHGs) सदस्यहरूलाई विभिन्न रोजगारको अवसरहरू सिर्जना गर्न 100 करोड़को कोष आवण्टन गरिनेछ।
- लखपती दिदी योजना अन्तर्गत राज्यका 15,000 महिलाहरूलाई सहजताका साथ एक लाख रूपियाँ कमाउन सक्ने बनाइनेछ।
- मुख्यमन्त्री कन्या सशक्तिकरण योजना अन्तर्गत राज्यका कलेजमा अध्ययरत मेधावी छात्राहरूका निम्ति नि:शुल्क Scooty प्रदान गरिनेछ।
- PM Mudra Yojana अन्तर्गत स्थानीय युवाहरूलाई व्यापार-व्यवसाय शुरू गरी आत्मनिर्भर बनाउन बिना धितो (collateral-free) रू 10 लाख सम्मको लोन उपलब्ध गराइनेछ।

- राज्यमा दिन प्रतिदिन बढ्दो महिला हिंसा र घरेलु हिंसालाई निर्मूल पार्न मिशन दुर्गा र गृहलक्ष्मी मिशन प्रभावी रूपमा शुरू गरिनेछ।

## युवा सशक्तिकरणको ग्यारेण्टी

- राज्यका युवा तथा महिलाहरूका निम्ति आउँदो पाँच वर्षभित्रमा 25,000 रोजगारको अवसर सृजना गगिनेछ।
- राज्यका युवाहरूलाई रोजगार, शिक्षा, खेलकुद, साहित्य, कला-संगीत, आध्यात्मिकता र मानसिक स्वास्थ्य जस्ता विविध क्षेत्रमा सक्षम बनाउन सिक्किम राज्य युवा आयोग (Sikkim State Youth Commission)-को गठन गरिनेछ।
- राज्यका 12औं अनि कलेज उत्तीर्ण विद्यार्थीहरूलाई उच्च शिक्षा आर्जन गर्न र वचतको निम्ति (One time financial support) क्रमैले रू. 12,000 र रू. 36,000 आर्थिक सहयोग प्रदान गरिनेछ।
- केन्द्र सरकारसँगको सहकार्यमा सिक्किममा रू.1000 करोड़ खेलकूद पूर्वाधार कोष (Sikkim Sports-Infra Fund) -अन्तर्गत Multi-Sports Stadium, Mini Multi-Sports Complexes, Sports Nurseries र सबै सरकारी स्कूलहरूका खेल मैदानहरूको बढ़ोत्तरी गरिनेछ।

## सबैको साथ सबैको विकास

- राज्यमा प्रशस्तै आमा सामुदायिक क्यान्टिन (Aama Community Canteen) हरू शुरू गरी सबैको निम्ति प्रति थाली 5 रूपियाँमा (खाना) उपलब्ध गराइनेछ।
- राज्यमा सरकारी कर्मचारीहरूको महँगाई भत्ता DA (Dearness Allowance) बढ़ाएर 50% गरिनेछ।
- राज्यामा 3 वर्ष पूरा गरेका सबै विभाग अधिनस्थ अस्थायी कर्मचारीहरूलाई अविलम्ब स्थायी (Regularised) गरिनेछ, साथै सरकारी विभागहरूमा सबै प्रकारका अस्थायी नियुक्ति प्रथालाई सदाको निम्ति बन्द गरिनेछ।
- राज्यका विविध, सामाजिक मूल्यमान्यताहरूको संरक्षण-समवर्द्धन र सामुहिक विकासको निम्ति सिक्किम सामुदायिक विकास बोर्ड (Sikkim Community Development Board (SCDB)-को गठन गरिनेछ।
- राज्यका सम्पूर्ण वाहन चालकवर्गको हित र सुरक्षाको निम्ति अखिल सिक्किम वाहनचालक सुरक्षा योजना शुरू गरिनेछ। जसअन्तर्गत कुनै पनि वाहन चालकको दुर्घटनामा परी मृत्यु भए —. 10 लाख, सामान्य मृत्यु भएको खण्डमा रू. 2 लाख सम्मको क्षतिपूर्ति प्रदान गरिनेछ।

- राज्यका असङ्गठित क्षेत्रहरूमा कार्यरत कामदारहरूको सामाजिक सुरक्षाको निम्ति PM Jeevan Jyoti Bima Yojana, PM Suraksha Bima Yojana, र PM Ayushman Bharat Yojana अन्तर्गत 100% सुनिश्चितता गरिनेछ।

## आर्थिक र औद्योगिक विकासको ग्यारेण्टी

- हामी सिक्किमको अर्थतन्त्रलाई आगामी 2034 सम्म $15 billion बनाउनेछौं।
- राज्यमा स्वच्छ इन्धन (Clean Fuel) को प्रयोग र उत्पादन सुनिश्चित गर्न National Green Hydrogen Mission अधिनस्थ Sikkim Green Hydrogen Policy लागू गरी यसको प्रयोग र उत्पादनको निम्ति Green Hydrogen Energy Plant-हरू स्थापना गर्ने लक्ष्य रहेको छ।
- सिक्किम औद्योगिक नीति (Sikkim Industrial Policy) को प्रस्ताव ल्याएर राज्यमा Make in Sikkim initiative अन्तर्गत ठूल्ठूला उद्योगहरू स्थापना गर्न प्रोत्साहित गरिनेछ।
- सिक्किममा Food Processing Industry-हरूको विकास गर्न निर्यातमुखी Special Economic Zone(SEZ-को स्थापना गरिनेछ।
- राज्यलाई IT Hub को रूपमा विकसित गर्ने उद्देश्य राख्दै IT/ITES Special Economic Zone (SEZ)-को स्थापना गरिनेछ।
- हामी राज्यमा बाँस प्रद्योगिकी पार्क (Bamboo Technology Park) को स्थापना गर्दै यहाँ पाइने विभिन्न प्रकारका बाँसद्वारा बनिने सामग्रीहरूको दिगो उत्पादन क्षमता र प्रयोग सुनिश्चित गर्नेछौं।
- सिक्किममा लोकल मसला उद्योग साथै उत्पादकहरूका निम्ति बजार अवसरहरू सिर्जना गर्न Spice Park स्थापना गरिनेछ।

## बलियो पूर्वाधारको ग्यारेण्टी

- Sikkim Gati Shakti Master Plan- शुरु गरी राज्यका सड़कहरू, रेलमार्ग र वायुमार्ग (Roadways, Railways and Airways)-बीच आपसी समन्वय राख्न मल्टी मोडल पूर्वाधार विकास (Multi Model Infrastructural Development) -को थालनी गरिनेछ।
- राज्यका सबै सीमावर्ती क्षेत्रमा अवस्थित गाउँहरूलाई केन्द्र सरकारको Vibrant Villages Programme अन्तर्गत समग्र ढाँचागत विकास (Holistic

Infrastructural Development) सुनिश्चित गरिनेछ।

- केन्द्र सरकारसँग समन्वय राखी राज्यको एकमात्र सेभोक-रम्फू रेलमार्गलाई निर्धारित समयभित्र पूरा गरी राज्य र अन्तर राज्यको यातायातलाई रेलमार्गद्वारा जोड्ने महत्वपूर्ण कार्यलाई पनि सुनिश्चित गरिनेछ।
- राजधानी गान्तोकलाई देशकै पहिलो Green Hydrogen smart city-को रूपमा विकसित गर्न पहल गरिनेछ।
- Bharat Net Project अन्तर्गत राज्यका सबै ग्राम पयचायत स्तरसम्म शतप्रतिशत high-speed broadband internet सुविधा सुनिश्चत गरिनेछ।
- प्रधानमन्त्री सूर्य घर मुफ्त बिजली योजना अन्तर्गत प्रत्येक घर-परिवारलाई रूफटप सोलार जडान गर्न प्रोत्साहित गरी उक्त सोलर प्यानलद्वारा उत्पादित 300 यूनिटसम्म विजुली प्रति महिना निरूशुल्क उपलब्ध गराइनेछ।

## सुशासनको ग्यारेण्टी

- हामी टिस्टा डयाम परियोजनाको निर्माणलाई लिएर केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआइ) जाँच शुरू गराउनेछौं, साथै दु:खद त्रासदीको निम्ति जवाफदेहिताको सुनिश्चितता गर्नेछौं।
- टिस्टा जल प्रलयको कारण भएको क्षय-क्षतिको समीक्षा गरी सबै पीड़ितहरूलाई उचित क्षतिपूर्ति दिलाएर न्याय दिनका निम्ति उच्च स्तरीय समिति गठन गरिनेछ।
- सिक्किम एन्टी ड्रग्स एक्ट, 2006 अन्तर्गत आवश्यक धाराहरूलाई संशोधन गरी प्रभावी ढङ्गमा कार्यान्वयन गरिनेछ।
- राज्यमा विभिन्न सरकारी योजनाहरू झञ्झटमुक्त प्रक्रियाद्वारा उपलब्ध गराउन योग्य परिवारहरूलाई Sikkim Pariwar Card प्रदान गरिनेछ। जसअन्तर्गत लाभार्थीहरूले Direct Benefit Transfer (DBT) द्वारा शतप्रतिशत लाभ प्राप्त गर्नेछन्।
- सिक्किमको अर्थतन्त्रलाई सही बाटोमा ल्याउन केन्द्रिय नीति आयोगको समन्वयमा Sikkim Transformation Commission गठन गरिनेछ।
- हाम्रो सरकारमा "न्यूनतम सरकार, अधिकतम शासन" (Minimum Government] Maximum Governance) लाई आधार बनाई पारदर्शी, दक्षता, सहभागिता र भ्रष्टाचारमुक्त शासन व्यवस्था सुनिश्चित गर्न प्रतिवद्ध छौं।



# सिक्किम प्रथम

## It is my conviction to bring North-East at par with the other developed regions of the country.



## सिक्किमको पहिचानलाई अँगाल्दै

- सिक्किमको शान्ति-श्रृङ्खला साथै सम्पूर्ण सिक्किमे समाजबीच आपसी सद्भावना र भाइचारा सुनिश्चित गर्नु हाम्रो प्रतिवद्धता रहनेछ।
- सिक्किमको सुरक्षा कवचको रूपमा रहेको धारा 371F अन्तर्गत सिक्किमे जनताका सम्पूर्ण हक-अधिकारको सुरक्षा गर्न हामी प्रतिबद्ध छौं।
- सिक्किम विधानसभामा लिम्बू-तामाङ समुदायको आसन आरक्षणको मागलाई सम्बोधन गर्न सम्बन्धित हितधारकहरूसँग परामर्श गरी काम अघि बढ़ाइनेछ।
- छुटेका 12 जात-गोष्ठिको जनजाति मान्यताको सम्वैधानिक मागलाई सम्बोधन गर्न यथाशिघ्र विशेष समिति गठन गरिनेछ।
- सिक्किमका भोटिया-लेप्चा र लिम्बू भाषालाई भारतको सम्विधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गर्न ठोस पहल गर्नेछौं।
- आगामी 2026-को सीमाङ्कन अभ्यासमा सिक्किम विधानसभामा सीटको संख्या बढ़ाइनेछ। साथै सिक्किमे भोटिया-लेप्चा समुदायको हक र अधिकारको पनि पूर्ण सुरक्षा गरिनेछ।
- सगरमाथाका प्रथम आरोही स्व. तेञ्जिङ नोर्गे शेर्पालाई मरणोप्रान्त भारत रत्न दिलाउन केन्द्र सरकारसँग विशेष पहल गरिनेछ।
- हामी राज्यमा Inner Line Permit (ILP) कार्यान्वयनका लागि सबै सम्बन्धित सरोकारवालाहरूबाट सुझाव लिन एक समिति गठन गर्नेछौं।
- पवित्र धर्मगुरू 17 औं कर्मापालाई सिक्किममा ल्याउन केन्द्र सरकारसँग मिलेर काम गर्नेछौं।

## धरोहरहरूको संरक्षण

- उत्तर सिक्किमको जङ्गु क्षेत्रलाई पूर्ण संरक्षणसँग-सँगै विकास गरिनेछ।
- राज्यका लेप्चा समुदायको समृद्ध सांस्कृति सम्पदालाई संरक्षण र सम्वर्द्धन गर्न उत्तर सिक्किमको जङ्गु क्षेत्रमा अवस्थित लेप्चा घर संग्रहालय (Lepcha House Museum)-को पुन: निर्माण गरिनेछ।
- राज्यमा आध्यात्मिक सम्पदा संरक्षण कोष (Sikkim Spiritual Heritage Preservation Fund) स्थापना गरी निम्न पहलहरू गरिनेछः-
    - सिक्किमका सबै धार्मिक स्थलहरूको संरक्षण र विकास गरिनेछ।
    - पवित्र धर्मग्रन्थ र शास्त्रहरूलाई अनन्तकालसम्म सुरक्षित राख्नका निम्ति डिजिटलाइज गरिनेछ।
- रूम्तेक गुम्पालाई युनेस्को-को विश्व धरोहरको सूचीमा अन्तर्भुक्त गर्न जोरदार पहल गरिनेछ।
- सिक्किमका विभिन्न जात-जातिका लोक नृत्यहरूलाई UNESCO's Representative List of the Intangible Cultural Heritage

(ICH) of Humanity अन्तर्गत अन्तर्भुक्त गराउन पहल गरिनेछ।

- सिक्किमका आदिम लेप्चा जातिको बाँसद्वारा बनाइने पारम्परिक टोपी Sumok-thyaktuk GI-Tag-को मान्यता दिलाइनेछ।
- सिक्किमको विविध सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्दै लब्धप्रतिष्ठित व्यक्तिहरूका उपलब्धिहरूलाई पनि जीवन्त राख्न राज्यका सरकारी विद्यालयको पाठयक्रममा समावेश गरिनेछ।
- राज्यका सबै धर्मावलम्बीहरूलाई आ-आफ्नो आस्था अनुरूप देशका विभिन्न पवित्र धर्मस्थलहरूको भ्रमण गराइनेछ।

## कला, संस्कृति र चाडपर्वहरू

- राज्यका सम्पूर्ण जात-जातिको चाड़-पर्वहरू मनाउन 100 करोड़को कोष आवण्टन गरिनेछ।
- राज्यको सांस्कतिक विरासत र परम्पराहरूलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्न र पर्यटकहरूलाई आकर्षण गर्न प्रतिवर्ष कञ्चनजङ्घा पर्यटन उत्सवको आयोजना गरिनेछ।
- सिक्किमका विभिन्न प्राचीन लोककथाहरूलाई जीवन्त राख्न Sikkim Folklore Museum and Centre –को स्थापना गरिनेछ। साथै यी सबै प्राचीन लोककथाहरूलाई अन्य भाषाहरूमा पनि अनुवाद गरी प्रचार-प्रसार गरिनेछ।
- सिक्किमको धनी लोककथा, लोक गीत र सङ्गीतको अनुसन्धान र विकास गर्नका निम्ति Sikkim Indigenous Cultural Institute -को स्थापन गरिनेछ।
- हामी रू.100 करोड़को कोष आवण्टन गरी सिक्किम कलाकार कल्याण कोष (Sikkim Artist Welfare Fund)-को स्थापना गर्नेछौं जसमा:-
  - विभिन्न जात-जातिको लोक संगीतकार, लेखक, नृत्यकार र शिल्पकारहरूलाई सम्मान गर्नका निम्ति रू. 5 लाखसम्मको अनुदान प्रदान गरिनेछ।
  - विभिन्न सामाजिक कल्याणकारी योजनाहरूको प्रत्यक्ष लाभ उपलब्ध गराउन राज्यका सबै कलाकारहरूलाई Artist Welfare Cards प्रदान गरिनेछ।
  - राज्यमा नृत्य, संगीत, साहित्य र हस्तशिल्प आदि क्षेत्रका कलाकारहरूलाई मासिक भत्ता स्वरूप रू. 5,000/- प्रदान गरिनेछ।
  - सिक्किमको सांस्कतिक क्षेत्रमा अतुलनीय योगदान पुर्‍याउने सर्जकहरूको मूल्याङ्कन र सम्मान गर्नका निम्ति Sikkim Heritage Award –को शुभारम्भ गरिनेछ।




# शिक्षाको ग्यारेण्टी

Education is not only the foundation upon which our civilization has been built, but it is also the architect of humanity's future.



## शिक्षाको ग्यारेण्टी

- राज्यमा प्रशस्त शैक्षिक पूर्वाधारहरूको निर्माण गरी सिक्किमलाई शिक्षाको केन्द्रबिन्दु (Education Hub)-को रूपमा विकास गरिनेछ।
- केन्द्रीय सरकारसँग सहकार्य गरी दक्षिण सिक्किमको नाम्चीमा Indian Institute of Management (IIM) स्थापना गर्न पहल गरिनेछ।
- केन्द्रीय सरकारसँग सहकार्य गरी उत्तर सिक्किकको मङ्गनमा National Institute of Design (NID) स्थापना गर्न पहल गरिनेछ।
- केन्द्रीय सरकारसँग सहकार्य गरी पूर्व सिक्किमको गान्तोकमा Indian Institute of Hotel Management (IHM) स्थापना गर्न पहल गरिनेछ।
- राज्यमा Pharmaceutical Education क्षेत्रमा उच्च शिक्षार्जन गर्न चाहने विद्यार्थीहरूको निम्ति National Institute of Pharmaceutical Education and Research (NIPER) स्थापना गरिनेछ। यहाँ अध्ययन गर्ने सिक्किमे युवाहरूलाई फार्मास्युटिकल कम्पनीहरूमा A र B Grade जस्ता पदहरूमा नियुक्ति पनि दिलाइनेछ।
- राज्यमा गुणस्तरीय कानूनी शिक्षा सुनिश्चित गर्न Sikkim National Law University स्थापना गर्नेछौं।
- केन्द्रीय सरकारसँग समन्वय गरी राज्यमा पहिलो सैनिक विद्यालय स्थापना गर्नेछौं।

## शिक्षाको निम्ति पूर्वाधार

- सिक्किममा National Education Policy –लाई अत्यन्तै प्रभावी ढङ्गमा कार्यान्वयन गर्नेछौं।
- राज्यमा Sikkim State Board of Education – को स्थापना गरी सिक्किमको प्राचीन इतिहास र सांस्कतिक धरोहरलाई सरकारी स्कूलका पाठयक्रमहरूमा समावेश गरिनेछ।
- PM SHRI योजना जस्तै सिक्किममा 35 करोड़को कोष आवण्टन गरी राज्यमा Sikkim SHRI Mission शुरू– गरिनेछ, जसअन्तर्गत विद्यमान सबै सरकारी महाविद्यालयहरूका संरचनाहरूलाई अत्याधुनिक सुविधायुक्त बनाइनेछ।
- राज्यका सबै सरकारी विद्यालय र महाविद्यालयहरूमा अत्याधुनिक सुविधा सम्पन्न संरचनाहरू सुनिश्चित गर्न Digital India अन्तर्गत Digital Sikkim Mission under शुरू गरिनेछ जसमा:-
    - प्रत्येक विद्यालय र महाविद्यालयहरूमा इन्टरनेट सुविधा सुनिश्चित गरिनेछ।
    - राज्यका सरकारी विद्यालय र महाविद्यालयहरूमा प्रशस्त Smart Classrooms, Digital Libraries and Science Laboratories-को स्थापना गरिनेछ।
- राज्यका सबै प्रमुख शहरहरूमा विद्यार्थीहरूका निम्ति छात्रावास (Hostel) स्थापना गरिनेछ।

## गुणस्तरीय शिक्षा

- राज्यको समग्र शिक्षा विकासका निम्ति **Sikkim Shiksha Samarpan App** शुरू गरिनेछ, जस अन्तर्गतः-
  - शिक्षक, कर्मचारी र विद्यार्थीहरूको उपस्थिति र अन्य क्रियाकलापहरूको निगरानी राखिनेछ।
  - विद्यालयको प्रशासन र निर्णय आदिलाई व्यवस्थित गरिनेछ।
- देशकै प्रतिष्ठित शैक्षिक संस्थान **(Institute of National Importance)** -हरूसँग सहकार्य गरी राज्यमा शिक्षित युवाहरूलाई उच्च शिक्षा र कौशल विकासको निम्ति **Youth Exchange Program**-को परम्परा शुरू गरिनेछ।
- राज्यमा **Super-30** योजना शुरू गरी प्रति वर्ष **30** जना मेधावी विद्यार्थीहरूलाई छनौट गरेर **JEE, NEET, CLAT, CUET** आदि जस्ता परीक्षाहरूको तयारीका निम्ति देशकै प्रतिष्ठित कोचिङ सेण्टरहरूमा निःशुल्क प्रशिक्षणको व्यवस्था गरिनेछ।
- देशकै प्रतिष्ठित शैक्षिक संस्थान **(Institute of National Importance)**- हरूबाट व्यवसायिक र तकनिकी क्षेत्रमा उच्च शिक्षा आर्जन गर्न चाहाने राज्यका विद्यार्थीहरूलाई **Sikkim Technical Education Scholarship Scheme** अन्तर्गत आर्थिक सहयोग प्रदान गरिनेछ।
- **Dropout-Free Sikkim Initiative** कार्यक्रम लागू गरी राज्यका **Dropout** विद्यार्थीहरूलाई आफ्नो अध्ययनमा निरन्तरता दिन प्रोत्साहन गरिनेछ साथै **Open School** –मा भर्ना हुने विद्यार्थीहरूलाई आर्थिक सहयोग पनि प्रदान गरिनेछ।
- राज्यका सबै सरकारी विद्यालयहरूमा पाठयपुस्तक, ब्याग, र यूनिफार्म जस्ता आधारभूत सामग्रीहरू समय-सीमाभित्रै वितरण गरिनेछ।





# किसान समृद्धिको ग्यारेण्टी

**In this Amrit Mahotsav, efforts should be made to associate at least one village of every panchayat with natural farming.**



## किसान कल्याण

- पीएम किसान योजना अन्तर्गत प्रदान गरिने आर्थिक सहायता राशि रू. 6,000/- लाई बढ़ाएर वार्षिक रू.9,000/- गरिनेछ।
- राज्यका किसानहरूलाई प्रधानमन्त्री किसान सम्मान निधि (PM-KISAN), प्रधानमन्त्री किसान मनधन योजना (PM-KMY), प्रधानमन्त्री फसल बीमा योजना (PMFBY), राष्ट्रिय कषि विकास योजना र Soil Health Card अन्तर्गत विभिन्न किसानमुखी योजनाहरूको लाभ उपलब्ध गराउन Sikkim Kisaan Adhikaar नामक पोर्टल शुरू गरिनेछ।
- राज्यका इच्छुक किसानलाई Short-term Loan प्रदान गर्नका निम्ति Kisan Credit Card Scheme अन्तर्गत 100% Coverage सुनिश्चित गर्नेछौं।
- Central Sector Scheme अन्तर्गत सिक्किममा मुख्य फसलहरूको 50 Farmer Producer Organizations (FPOs) स्थापना गरिनेछ।
- राज्यमा Mukhya Mantri Farmers' Children Scholarship Program शुरू गरेर स्नातक (Under Graduates) र स्नातकोत्तर (Post Graduation) अध्ययनको निम्ति निम्न आयस्रोत (small and marginal) हुने कृषकका छोरा-छोरीहरूलाई छात्रवृत्ति (Scholarships) प्रदान गरिनेछ।

## कृषि पूर्वाधार

- राज्यमा रू. 500 करोड़को कोष आवण्टन गरी कषि आधारित संरचनाहरूलाई Sikkim Agri-Infra Mission-द्वारा पुन:निर्माण गरिनेछ, जस अन्तर्गत:-
    - स-साना Agri-link Road -हरू निर्माण गरी कृषकहरूको उत्पादन क्षमतामा वृद्धिसँगै निर्यातको निम्ति यातायात सुविधाको पनि सुनिश्चित गरिनेछ।
    - राज्यका प्रत्येक ब्लक स्तरमा शीत भण्डारण इकाईहरू (Cold Storage Units)-को स्थापना गरिनेछ।
    - कृषकहरूको उत्पादनलाई व्यवस्थित ढङ्गमा बजारीकरण गर्नका निम्ति प्रत्येक जिल्लामा किसान बजारहरू (Agriculture Markets (APMC) स्थापना गरिनेछ।
- राज्यमा बिउ-बिजनको अभावलाई ध्यानमा राख्दै प्रत्येक ब्लकस्तरसम्म Community Seed Banks हरूको स्थापना गरी कृषकहरूलाई गुणस्तरीय बीउ-बिजनहरूको उपलब्धता सुनिश्चित गरिनेछ। सँगसँगै स्थानीय प्रजातिका बिउ-बिजनहरूको पनि संरक्षण गरिनेछ।
- राज्यका प्रत्येक जिल्लामा अत्याधुनिक Soil Testing Laboratories –को स्थापना गरिनेछ।

- Mission for Integrated Development of Horticulture (MIDH) अन्तर्गत राज्यका प्रत्येक गाउँमा पानीका टयाङ्कीहरू निर्माण गरिनेछ।

  सिक्किम सुरक्षित खेत योजना अन्तर्गत खेतीयोग्य जमीहरूलाई छुट दरमा Solar fencing प्रदान गरिनेछ।

## नगदेबाली

- राज्यका किसानहरूद्वारा उत्पादित ठूलो अलैंची, अदुवा, हर्दी र फापरको पिठो आदि जस्ता सामग्रीहरूका निम्ति न्यूनतम समर्थन मूल्य (Minimum Support Price) प्रदान गरिनेछ।
- राज्यमा उत्पादित चियापति, अलैंची, अदुवा र हर्दी जस्ता दीर्घकालिन स्थानीय फसलहरूको उचित मूल्याङ्कनको निम्ति राजधानी गान्तोकमा निलामी केन्द्र (Auction Centre)-को स्थापना गरिनेछ।
- राज्यमा अदुवा, अलैंची, हर्दी, खोर्सानी जस्ता उत्पादनहरूको प्रसोधन केन्द्र (Processing Unit) स्थापना गर्न चाहने इच्छुक कृषकहरूलाई PM Formalisation of Micro Food Processing Enterprises Scheme अन्तर्गत आर्थिक सहयोग पुर्‍याइनेछ।
- राज्यका कृषकहरूद्वारा उत्पादित कुनै पनि प्रकारका फसलहरू कारणवश क्षति भएको खण्डमा यथाशिघ्र क्षतिपूर्ति प्रदान गर्न Pradhan Mantri Fasal Bima Yojana- लाई अत्यन्तै प्रभावी ढङ्गमा लागू गरिनेछ।
- राज्यमा 2,000 हेक्टरसम्म फापर खेती विस्तार गर्न Sikkim Buckwheat Promotion Mission शुरू गरी कृषकहरूलाई गुणस्तरीय बिउ-बिजनहरू प्रदान गरिनेछ।

## सिक्किममा प्राकृतिक खेतीलाई प्रोत्साहन

- केन्द्र सरकारको GOBARdhan Scheme अन्तर्गत सिक्किममा प्राकृतिक खेती गर्नका निम्ति कृषकहरूलाई विभिन्न प्रकारको प्राविधिक सुविधाहरू प्रदान गर्दै बायोफर्टिलाइजर यूनिट, भर्मिकम्पोस्ट यूनिट लगायत अन्य प्राकृतिक खेती सम्बन्धि क्रियाकलापहरू सम्पादन गर्न Subsidy हरू उपलब्ध गराइनेछ।
- राज्यमा कृषकहरूलाई सशक्त बनाउनका निम्ति उत्पादित सामग्रीहरूको व्यवस्थापन हेतु व्यापक Supply Chain Network बनाउनका निम्ति Agro Production Policy अप्नाइनेछ, जस अन्तर्गतरू-
  - उत्पादित सामग्रीहरूलाई गाउँ-गाउँबाट निर्यात गर्न प्रशस्त Horticulture-Cluster Zone -हरू विकसित गरिनेछ।
  - राज्यका सबै जिल्लामा कृषकहरूद्वारा उत्पादित सामग्रीहरू व्यवस्थित ढङ्गमा रख-रखाउका निम्ति Agro Warehouse-हरू निर्माण गरिनेछ।

- राज्यमा उत्पादित कच्चा सामग्रीहरू (Raw Materials) र तयार पारिएका सामग्री (Finished Good)-हरूलाई निर्धारित स्थानसम्म पुर्‍याउन (Transport Subsidies) उपलब्ध गराइनेछ।
- सिक्किममा ट्रपिकल फ्रुट मिशनको शुरूवात गर्दै सुन्तला, मेवा, अम्बक, केरा लिची, ज्याकफ्रुट, एभोकाडो र ड्र्यागन फ्रुट आदि खेतीमा विशेष ध्यान केन्द्रित गरी २,००० हेक्टर जमीनमा खेती विस्तार गरिनेछ। जसको निम्ति इच्छुक किसानहरूलाई सब्सिडी प्रदान गरिनेछ।
- राज्यका किसानहरूले सठिक मूल्य प्राप्त गरून् भन्ने उद्देश्यले Market Intervention Scheme लागू गरी स्थानीय सुन्तला, गरेण्डल, केरा, अम्बक, मेवा, कटहर, लिच्ची, ब्रोकाउली, गाँजर, फर्सी, टमाटर, बन्दाकोपी र फूलकोपी आदिको उचित दाम निर्धारण गरिनेछ।
- राज्यमा डल्ले खोर्सानीको उत्पादनलाई बढ़ावा दिँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारीकरणको निम्ति निर्यात नीति (Export Policy) लागू गरिनेछ।
- राज्यमा सब्जी र फूलखेतीलाई प्रोत्साहन गर्नका निम्ति National Horticulture Mission अन्तर्गत गाउँ-बस्तीमा ग्रीनहाउसहरू निर्माण गर्न Subsidy-हरू प्रदान गरिनेछ।
- स्थानीय सुन्तलालाई अन्तर्राष्ट्रिय बजारमा विशेष पहिचान दिलाउन GI tag-को मान्यताको निम्ति पहल गरिनेछ।

राज्यमा नर्सरीहरू, प्रशोधन केन्द्रहरू र शीत भण्डारहरू निर्माण गर्न रू. 50 करोड़ कोष आवण्टन गरेर Floriculture Mission शुरू गरिनेछ।

- राज्यमा अर्किड खेतीलाई व्यवसायिक रूपमा अप्नाउने कृषकहरूलाई Orchid Promotion Program लागू गरी प्रोत्साहन गरिनेछ। जसको निम्ति केन्द्र सरकारको ICAR अन्तर्गत National Research Centre for Orchids सँग सहकार्य गरी निःशुल्क गुणस्तरीय बिउ-बिजनहरू उपलब्ध गराइनेछ।

## माछा पालन

- राज्यका माछा पालकहरूको समग्र उन्नतिको निम्ति PM Kisan Yojana अन्तर्गत वार्षिक रूपमा आर्थिक सहयोग सुनिश्चित गरिनेछ।
- केन्द्र सरकारसँग सहकार्य गरी राज्यमा Pradhan Mantri Matsya Sampada Yojana (PMMSY) अन्तर्गत माछा पालन कार्यक्रम व्यवसायिक ढाँचामा विस्तार गरिनेछ। यो सँगै Sikkim Aquaculture Expansion Program कार्यान्वयन गरी राज्यमा आफ्नै Hatcheries, Cold Chain Infrastructure, र Fish Market –हरूको स्थापना गरिनेछ।
- सिक्किमका खोला-नानाहरूमा पाइने स्थानीय प्रजातिका कत्ले माछालाई

अन्तर्राष्ट्रिय पहिचान दिलाउनका निम्ति GI tag मान्यता दिलाइनेछ।

## कृषि सम्बन्धित गतिविधिहरूलाई प्रोत्साहन

- Dairy Processing and Infrastructure Development Fund (DIDF) अन्तर्गत राज्यका सबै जिल्लामा Automatic Milk Processing Plant-हरू स्थापना गरिनेछ।
- Sikkim Milk Union अधिनस्थ पञ्जीकृत ग्वालाहरूद्वारा उत्पादित दूधको मूल्य वृद्धिको निम्ति पहल गरिनेछ।
- राज्यमा प्राकृतिक मह उत्पादनको निम्ति केन्द्र सरकारको National Beekeeping and Honey Mission (NBHM) अन्तर्गत महिला तथा अन्य मौरीपालकहरूलाई प्रशस्त Beekeeping Units प्रदान गरी समय सापेक्षित प्रशिक्षणहरूको प्रबन्ध गरिनेछ।
- राज्यमा केन्द्र सरकारको National Livestock Mission अन्तर्गत प्रशस्त पोल्ट्री फार्महरूको निर्माण गरी अण्डा र मासु उत्पादनको क्षेत्रमा सिक्किमलाई आत्मनिर्भर बनाउन प्रभावी कदम चालिनेछ।
- केन्द्र सरकारको National Livestock Mission अन्तर्गत राज्यका विभिन्न स्थानहरूमा Fodder Bank-हरूको स्थापनासँग-सँगै कृषकहरूलाई खड़ेरीको समयमा प्रयोग गरिने गाई-वस्तुका आहारहरूको उपलब्धता सुनिश्चित गर्न विशेष तालिम दिइनेछ।
- GOBARdhan scheme अन्तर्गत feed and fodder manufacturing unit-हरू स्थापना गरी कृषकहरूलाई छुट दरमा आहार सामग्रीहरू उपलब्ध गराइनेछ।
- National Animal Disease Control Programme अन्तर्गत राज्यका 100% पशुधनहरूलाई विभिन्न रोगहरूबाट जोगाउन राज्यव्यापी रूपमा टिकाकरण (Vaccination) गरिनेछ।
- राज्यमा पर्याप्त सङ्ख्यामा पशु चिकित्सकहरू सुनिश्चित गर्दै 6 वटै District Veterinary Hospital-हरूलाई अत्याधुनिक रूपमा बढ़ोत्तरी गरिनेछ।
- केन्द्र सरकारको National Gokul Mission अन्तर्गत राज्यका स्थानीय प्रजातिका पशुहरूलाई संरक्षण र सम्वर्द्धन गरिनेछ।






# स्वास्थ्य सुविधाको ग्यारेण्टी

India’s goal is to make healthcare accessible and affordable, not only for our citizens but for the whole world.



## गुणस्तरीय पूर्वाधार

- केन्द्र सरकारसँग सहकार्य गरी राज्यमा क्षेत्रीय चिकित्सा विज्ञान संस्थान (Regional Institute of Medical Sciences (RIMS) स्थापना गरिनेछ। जसअन्तर्गत Advanced Modular OTs, Diagnostic Facilities, र Super-Speciality Department-हरूको सुविधा सुनिश्चित गरिनेछ।
- राज्यको Sir Thutob Namgyal Memorial Hospital (STNM) -लाई सिक्किमकै पहिलो अत्याधुनिक मेडिकल कलेजको रूपमा परिणत गरी स्नातक (Undergraduate) र स्नातकोत्तर (Postgraduate) जस्ता पाठ्यक्रमहरू शुरू गरिनेछ।
- राज्यमा 50 पलङ्युक्त (50 Bedded) अत्याधुनिक Cancer Hospital and Research Centre-को निर्माण गरिनेछ।
- पाकिम र सोरेङ जिल्ला अस्पतालहरूलाई निर्धारित समयभित्रै समाप्त गरी सञ्चालनमा ल्याइनेछ।
- राज्यका सबै जिल्ला अस्पतालहरूलाई अत्याधुनिक रूपमा Multispeciality Hospital-को रूपमा परिणत गरी ICU, NICU, CT Scan, MRI, X-Ray, Endoscopy जस्ता मूलभूत सुविधाहरू सुनिश्चित गरिनेछ।
- राज्यमा थप 10 वटा Primary Health Centers (PHCs) र 5 वटा नयाँ Community Health Centers (CHCs) –को निर्माण गरिनेछ।
- राज्यमा विद्यमान CHCs, PHCs, and Sub-Centres-लाई बढ़ोत्तरी गरी अत्याधुनिक बनाउँदै Ayushman Arogya Mandir –को रूपमा परिणत गरिनेछ।
- राज्यका प्रत्येक जिल्ला अस्पतालहरूमा क्यान्सर अनि किड्नी रोगीहरूका निम्ति Chemotherapy र Dialysis-को सुविधा सुनिश्चित गरिनेछ।

## तल्लो तहसम्म स्वास्थ्य सुविधा

- PM Ayushman Bharat Yojana अन्तर्गत राज्यका सबै योग्य लाभार्थीहरूलाई Free Health Insurance Coverage सुनिश्चित गरिनेछ।
- Sikkim Swasthya Sarvekshan Yojana अन्तर्गत वर्षेनी निःशुल्क स्वास्थ्य जाँच गराइनेछ।
- Rashtriya Arogya Nidhi कार्यक्रम अन्तर्गत राज्यका बीपीएल परिवारका रोगीले मुटु, फोक्सो, लिभर र किड्नी प्रत्यारोपण (Transplant) गर्न परे रू. 15 लाखसम्म आर्थिक सहयोग प्रदान गरिनेछ।
- राज्यका प्रत्येक ब्लकमा प्रधानमन्त्री जनऔषधी केन्द्रहरू स्थापना गरिनेछ, जहाँ खुल्ला बजारमा पाइने ब्रान्डेड औषधिको तुलनामा 90% सम्म सस्तो मूल्यमा गुणस्तरीय औषधिहरू उपलब्ध गराइनेछ।
- राज्यका सम्पूर्ण स्वास्थ्य केन्द्रहरूमा निःशुल्क आवश्यक औषधिहरू र निदान सेवा

(Diagnostic Service)-हरू सुनिश्चित गरिनेछ।

- राज्यका सबै Primary Health Sub-Centres (PHSC)-हरूमा Basic Life Support (BLS) सुविधायुक्त एम्बुलेन्सहरू उपलब्ध गराइनेछ साथै प्रत्येक जिल्ला अस्पतालहरूलाई 2 वटा Advanced Life Support (ALS) सुविधायुक्त एम्बुलेन्सहरू उपलब्ध गरिनेछ।
- हामी राज्यको सबै जिल्लाहरू–लाई जोडन हेलिकप्टर अम्बुलेलेन्स (Helicopter Ambulance) शुरू गर्नेछौ, जसको निम्ति प्रत्येक जिल्लापालहरू संग सहकार्य राखिने छ।
- राज्यका ग्रामीण भेगहरूमा जीवन रक्षक औषधि (Life-Saving Drug)-हरू उपलब्ध गराउन अत्याधुनिक ड्रोन सेवा शुरू गर्नेछौं।

## पारम्परिक चिकित्सा सेवा

- सिक्किमको हिमाली भेगमा पाइने औषधीय गुणयुक्त वनस्पतिहरूको खोजी गरी यसको प्रयोजन र चिकित्सीय सम्भावनाहरूबारे दस्तावेजीकरण गरिनेछ।
- राज्यमा आयुर्वेद र परम्परागत चिकित्सा सम्बन्धी सिक्किमे स्टार्टअप योजनाहरूलाई सहयोग पुर्‍याउनेछौं।
- राज्यमा प्रत्येक वर्ष सिक्किम अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन (Sikkim International Ayurveda Conclave) –को आयोजना गरी आयुर्वेदिक ज्ञानको आदान-प्रदान र अनुसन्धान जस्ता गम्भीर विषयहरूमा काम गरिनेछ।
- सिक्किममा औषधीय गुणयुक्त वनस्पतिहरूको अनुसन्धान र पुनर्विकासको निम्ति Ayurveda Research Institute-स्थापना गरिनेछ।

## स्वास्थ्य सेवा एवं रोकथाम

- सिक्किममा घट्दो जन्मदर जस्तो गम्भीर विषयमाथि अनुसन्धान गर्दै प्रमुख कारण खोजी गरी ठोस कदम चाल्न Indian Council of Medical Research (ICMR)-को सहकार्यमा विशेषज्ञहरूको कमिटी गठन गरिनेछ।
- राज्यका नागरिकहरूको शारीरिक र मानसिक स्वस्थताको सुनिश्चित गर्न Sikkim Yoga Board गठन गरी प्रभावी पहलहरू गरिनेछ।
- सिक्किमलाई तम्बाकुमुक्त राज्यको रूपमा परिणत गर्न Tobacco-Free Sikkim Initiative-को थालनी गरिनेछ।
- सिक्किमलाई क्षय रोगमुक्त (TB-Free) राज्य बनाउन निम्नलिखित पहलहरू गरिनेछरू-
  - क्षय रोग विरामीहरूलाई प्रति महिना रू. 500 आर्थिक सहयोग प्रदान गरिनेछ।

- व्यापक रूपमा जनचेतना कार्यक्रमहरूको आयोजना गरिनेछ।
- क्षय रोग विरामीहरूलाई पोषणयुक्त Nutrition Kit-हरू प्रदान गरिनेछ।

## मानसिक स्वास्थ्य सेवा

- राज्यका प्रत्येक जिल्ला अस्पतालहरूमा 10 Bedded Inpatient Unit स्थापना गरिनेछ।
- हामी प्रत्येक सामुदायिक स्वास्थ्य केन्द्र (CHCs) र प्राथमिक स्वास्थ्य केन्द्र (PHCs)-मा मानसिक स्वास्थ्य सेवा केन्द्रहरू जस्तै- Outpatient services, Assessment, Counselling र Psychosocial intervention –हरू स्थापना गर्नेछौं।
- राज्यमा मानसिक रोगीहरूलाई सहयोग र मार्गदर्शन गर्न 24सैं घण्टा Mental Health Support Helpline सेवा शुरू गर्नेछौं।
- सिक्किममा बढ्दो आत्महत्याका घट्नाहरूलाई ध्यानमा राख्दै राज्यव्यापी रूपमा शैक्षिक संस्थानहरू र कार्यक्षेत्रहरूमा व्यापक सचेतनामूलक कार्यक्रमहरू आयोजना गरिनेछ।

## स्वास्थ्यकर्मी

- राज्यका सबै स्वास्थ्य सेवा निकायहरूमा Medical Officer र Specialist Doctor-हरूको उपलब्धता सुनिश्चित गरिनेछ।
- राज्यका सबै PHSC- हरूमा Community Health Officers उपलब्धता सुनिश्चित गरिनेछ।
- राज्यका प्रत्येक स्वास्थ्य केन्द्रहरूमा रित्त रहेका Nursing र Technician Staff-हरूको पद परिपूर्ति गर्न यथाशिघ्र नियुक्ति दिइनेछ।
- राज्यका अतिउच्च र सुदूरवर्ती क्षेत्रहरूमा सेवारत स्वास्थ्यकर्मीहरूका निम्ति High Altitude Allowance प्रदान गरिनेछ।
- Pradhan Mantri Shram Yogi Maandhan Yojan अन्तर्गत स्वास्थ्य क्षेत्रका फ्रण्टलाइन कर्मी, जस्तै Nurses, ASHA, र Anganwadi Worker-हरूको निम्ति Mission Mode Registration सुनिश्चित गरिनेछ।




DISTRICT HOSPITAL SINGTAM
NATIONAL HIGHWAYS
& INFRASTRUCTURE
DEVELOPMENT
CORPORATION LIMITED
AMBULANCE SERVICE
BASIC LIFE SUPPORT
AMBULANCE



# पर्यटन विकासको ग्यारेण्टी

**India's efforts in the tourism sector are centred on preserving its rich heritage while creating world-class infrastructure for tourism.**



## पर्यटन क्षेत्रको अभिवृद्धि

- राज्यलाई पर्यटन गन्तव्यको रूपमा विकसित गरी वर्षभरि पर्यटकहरू भित्र्याउन सिक्किममा अद्वितीय पर्यटन नीति (Sikkim Tourism Policy) लागू गरी निम्नलिखित पहलहरू गरिनेछः-
    - राज्यमा वर्षभरि मौसम अनुकूल यातायातको सड़क सुविधाहरू सुनिश्चित गरिनेछ।
    - स्थानीय उद्यमीहरूलाई होमस्टे-फार्मस्टे र क्याफेटेरियाहरू निर्माण गरी पर्यटनमैत्री वातावरण सिर्जना गर्न प्रोत्साहित गरिनेछ।
    - राज्यका युवाहरूलाई टुरिष्ट गाइडको निम्ति तालिम दिइनेछ।
    - राज्यको पर्यटन उद्योगलाई विकसित गर्न Serene Sikkim Campaign अन्तर्गत राज्य र देशका अधिकतम हितधारक (Stakeholder)- हरूसँग सहकार्य गरिनेछ।
- केन्द्र सरकारको National Federation of Tourism and Transport Cooperatives of India Ltd- सँग सहकार्य गरी राज्यमा पनि Sikkim Tourism Cooperative Society शुरू गरिनेछ। जसअन्तर्गत स्थानीय युवाहरूको निम्ति जीविकोपार्जन र रोजगारका विभिन्न अवसरहरू सिर्जना गरिनेछ।
- राज्यमा Sikkim Homestay Scheme अन्तर्गत स्थानीय युवाहरूको सहभागितामा 1000 होमस्टेहरू निर्माण गर्न Subsidy प्रदान गरिनेछ।
- Work from Sikkim Initiative कार्यक्रम अन्तर्गत राज्यमा धेरै संख्यामा काममैत्री होमस्टे (Work friendly homestay) निर्माण गरी सिक्किमलाई कार्यस्थल गन्तव्य (Workcation Destination) –को रूपमा विकसित गरिनेछ।
- राज्यमा Tourism for Employment Initiative कार्यक्रम लागू गरी स्थानीय युवाहरूलाई Tourism and Hospitality –को क्षेत्रमा अधिकतम रोजगारका अवसरहरू सिर्जना गरिनेछ।
- केन्द्र सरकार अधिनस्थ Indian Himalayan Centre for Adventure and Ecotourism-को सहकार्यमा साहसिक खेलहरू (Adventure Sports) जस्तै Mountaineering, Mountain Biking, Rock Climbing, Paragliding र River Rafting आदि क्षेत्रहरूमा रोजगारका प्रशस्त अवसरहरू सिर्जना गर्न राज्यमा Training and Certification Program शुरू गरिनेछ।
- पर्यटन व्यवसाय अप्नाउन चाहने स्थानीय युवाहरूलाई PM Mudra Yojana अन्तर्गत बिना धितो (Collateral-free) 10 लाख सम्मको लोन न्यूनतम ब्याज दरमा उपलब्ध गराइनेछ।
- उत्तर सिक्किमको युमथाङ, लाचुङ र फुनी भ्यालीलाई Premium Ski Destination –को रूपमा विकसित गर्नका निम्ति होमस्टे र लग्जरी होटल व्यवसायीहरूलाई 5 वर्षसम्म Tax Incentives प्रदान गरिनेछ।

- पाकिम जिल्ला अन्तर्गत थाम्बी भ्यू पोइण्टमा आकर्षक SkyWalk र फदमचेनदेखि नाथाङ भ्यालीलाई जोड्ने रोप-वे-को निर्माण गरिनेछ।
- राजधानी गान्तोकलाई अन्य जिल्लाहरूसँग हवाई मार्गद्वारा जोड्न हेलिकप्टर सेवालाई विस्तार गरिनेछ।
- राज्यका प्राचीन धार्मिक सम्पदाहरूलाई पर्यटकीय आकर्षक गन्तव्य स्थलको रूपमा विकसित गर्न Sikkim Heritage Mission शुरू गरी Spiritual Heritage Preservation Fund-को व्यवस्था गर्न पहल गरिनेछ।
- राज्यमा Tashi Delek नामक Single-window platform शुरू गर्नेछौं जसमा पर्यटकहरूलाई सस्तो होटल र होमस्टे, स्थानीय टुरिष्ट गाइड, सुलभ मूल्यमा गाडीको सुविधा लगायत विविध जानकारीहरू उपलब्ध गराइनेछ।
- हामी राज्यका मुख्य पर्यटकीय आकर्षणका केन्द्रहरूलाई पूर्णरूपले व्यवस्थित गरी प्रचार-प्रसार गर्न प्रतिवद्ध छौं।

## शान्त सिक्किम

- सिक्किमलाई साहसिक खेल पर्यटनको राजधानीको रूपमा विकसित गर्न Trekking, Hiking, Paragliding, Bungee-Jumping, Zip-Lining, Rock Climbing, Mountain Biking, Kayaking र River Rafting आदि जस्ता पर्यटन स्थलहरूको विकास गरिनेछ।
- हामी Vibrant Village Programme अन्तर्गत राज्यका Model Tourism Village-हरू चयन गरी ग्रामीण पर्या-पर्यटनको रूपमा विकास गर्नेछौं।
- केन्द्र सरकारको प्रसाद अनि स्वदेश दर्शन योजना 2.0 अन्तर्गत राज्यमा आध्यात्मिक तीर्थयात्रा कार्यक्रम (Spiritual Pilgrimage Program) शुरू गरी निम्नलिखित सुविधाहरू प्रदान गरिनेछ:-
  - राज्यका प्रमुख धार्मिक स्थलहरूमा बस सेवा शुरू गरिनेछ।
  - तीर्थयात्रीहरूका निम्ति अत्याधुनिक सुविधायुक्त अतिथि गृहहरूको निर्माण गरिनेछ।
- राज्यमा आयुर्वेदिक पार्क, योगा रिट्रिट र नेचुरोपेथी सेण्टरहरू खोली राज्यवासीको समग्र स्वस्थ जीवनको उद्देश्य राखी Sikkim Wellness Retreat स्थापना गरिनेछ।
- हामी राज्यमा सबै धर्मका संस्कृति, साहित्य र सङ्गीतहरूको संरक्षण र प्रदर्शन गर्नका निम्ति Spiritual Cultural Heritage Centre-को निर्माण गर्नेछौं।
- राज्यका प्रमुख वन्यजन्तु अभयारण्य (Wildlife Sanctuaries)- हरूमा स्थानीय चरा-चुरुङ्गीहरूको अवलोकनलाई बढ़ावा दिन वर्षैभरि विशेष भ्रमणहरूको आयोजना गरिनेछ।
- हामी सिक्किममा Tea Tourism-लाई बढ़ावा दिन Temi Tea Garden –मा Tea Blending and Tasting Course-को थालनी गर्नेछौं।



# महिला सशक्तिकरणको ग्यारेण्टी

We must work to remove barriers restricting women's access to markets, global value chains, and affordable finance.



## आर्थिक एवं सामाजिक सशक्तिकरण

- राज्यका स्वयं सहायता समूह (SHGs) सदस्यहरूलाई विभिन्न रोजगारको अवसरहरू सिर्जना गर्न 100 करोड़को कोष आवण्टन गरिनेछ।
- लखपती दिदी योजना अन्तर्गत राज्यका 15,000 महिलाहरूलाई सहजताका साथ एक लाख रूपियाँ कमाउन सक्ने बनाइनेछ।
- Sikkim Holistic Redevelopment Initiative (SHRI) शुरू गरी राज्यका स्वयं सहायता समूह र महिला सहकारी संस्थानहरूलाई (SHGs) 1 लाख फिक्स डिपोजिट सरकारद्वारा गरिदिनेछ।
- PM Mudra Yojana अन्तर्गत राज्यका महिला व्यवसायीहरूलाई बिना धितो (Collateral-free) न्यूनतम ब्याज दरमा रू.10 लाखसम्मको लोन उपलब्ध गराइनेछ।
- हामी राजधानी गान्तोकमा Air Hostess Training Institute स्थापना गर्नेछौं।




## लैंगिक सशक्तिकरणमाथि प्रकाश

- मुख्यमन्त्री कन्या सशक्तिकरण योजना अन्तर्गत राज्यका कलेजमा अध्ययरत मेधावी छात्राहरूका निम्ति नि:शुल्क Scooty प्रदान गरिनेछ।
- हामी राज्यमा बालिका समृद्धि योजना शुरू गरी नवजात छोरीहरूको उच्च शिक्षार्जनको निम्ति रू. 50 हजार Bond प्रदान गर्नेछौं।
- Free KG to PG Education-को धारणालाई चरितार्थ गर्दै राज्यका छात्राहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ।
- राज्यमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने महिलाहरूको निम्ति Sikkim Women Achievers Award- थालनी गरिनेछ।
- राज्यका प्रत्येक जिल्ला मुख्यालयमा Sakhi Niwas योजना अन्तर्गत कामकाजी महिलाहरूको निम्ति Hostel र Day care सुविधा सुनिश्चित गरिनेछ।

## महिला एवं बाल कल्याणको सुनिश्चितता

- राजधानी गान्तोकमा एक Maternity and Children's Hospital-निर्माण गरिनेछ, जहाँ अत्याधुनिक सुविधायुक्त IVF Clinic-को व्यवस्था रहनेछ। यस अतिरिक्त राज्यका अन्य जिल्ला अस्पतालहरूमा पनि उक्त सुविधाहरू उपलब्ध रहनेछन्।
- राज्यका प्रत्येक जिल्ला अस्पतालहरूमा Free Breast Cancer Detection

Test (Mammogram)-को स्थापना गरिनेछ।

- राज्यका सबै स्कूल, कलेज, सरकारी कार्यालय तथा सार्वजनिक स्थलहरूमा Vending Machine-हरू जड़ान गरिनेछ, जहाँबाट मात्र रू.1/- मा Sanitary Napkin-हरू प्राप्त गर्न सक्नेछन्।
- Suposhit Maa-Swasth Santan Mission अन्तर्गत राज्यका बाल-बालिका, स्तनपान गराउने आमा र गर्भवती महिलाहरूका निम्ति पोषणयुक्त Free Health Kits प्रदान गर्नेछौ।
- राज्यमा बाल-बालिकहरूको प्रारम्भिक हेरचाहसँगै समग्र विकास अनि पौष्टिक आहार वितरणको निम्ति निम्न पहलहरू गरिनेछः-
  - हामी राज्यमा 400 आँगनवाडी केन्द्रहरूलाई "सक्षम आँगनवाडी" केन्द्रको रूपमा बढ़ोत्तरी गर्नेछौं। साथै Internet/Wifi Connectivity, LED Screens र Child-friendly Smart Learning Equipment आदि जस्ता अत्याधुनिक सुविधाहरू सुनिश्चित गर्नेछौ।
  - राज्यमा विद्यमान आँगनवाडी केन्द्रहरूको अवस्थालाई ध्यानमा राख्दै दिगो समाधानका निम्ति स्थायी भवनहरू निर्माण गरिनेछ।
- हामी राज्यमा रू.5 करोडको कोष आवण्टन गरी महिलाहरूका निम्ति 50 वटा सुरक्षित र स्वच्छ Pink Toilet-हरू स्थापना गर्नेछौं।

## महिला सुरक्षाको सुनिश्चितता

- राज्यमा महिला हिंसालाई निर्मूल पार्न मिशन दुर्गा प्रभावी रूपमा शुरू गरिनेछ। जसअन्तर्गत निम्न पहलहरू गरिनेछः-
  - महिला र बाल-बालिकाहरूको पूर्ण सुरक्षाको निम्ति आपराधिक र सार्वजनिक स्थलहरूमा Pink Patrolling शुरू गरिनेछ।
  - राज्यका महिलाहरूलाई आत्म सुरक्षाको निम्ति निःशुल्क प्रशिक्षण शिविरहरूको आयोजना गरिनेछ।
  - पुलिस र सरकारी कर्मचारीहरूलाई लैङ्गिक संवेदनशीलतामाथि तालिम प्रदान गरिनेछ
  - महिला हिंसा विरूद्ध हुने अपराधहरूको अनुसन्धान र सुनुवाइमा हुने ढिलाइलाई न्यूनीकरण गरिनेछ।
- राज्यमा घरेलु हिंसा विरूद्ध अभियान चलाउन गृहलक्ष्मी मिशन शुरू गरिनेछ। जसको निम्ति निम्न पहल गरिनेछः-
  - घरेलु हिंसा विरूद्ध सम्बन्धित निकायलाई सूचना दिन समर्पित हेल्पलाइन शरू गरिनेछ।
  - राज्यका शैक्षिक संस्थान र अन्य कार्यक्षेत्रहरूमा घरेलु हिंसा विरूद्ध व्यापक सचेतनामूलक कार्यक्रमहरू आयोजना गरिनेछ।



# युवा सशक्तिकरणको ग्यारेण्टी

**India is a youthful country. A country with such a major percentage of youth has the capability to change not only its own but the fate of the entire world.**



## रोजगारका अवसरहरू

- राज्यका युवा तथा महिलाहरूका निम्ति आउँदो पाँच वर्षभित्रमा 25,000 रोजगारको अवसर सृजना गगिनेछ।
- राज्यका युवाहरूलाई विश्वका विभिन्न राष्ट्रहरूसँग सहकार्य गरी Pravasi Kaushal Vikas Yojana अन्तर्गत वैदेशिक रोजगारको अवसरहरू सुनिश्चित गरिनेछ।
- राज्यका शिक्षित युवाहरूलाई राज्य तथा केन्द्र सरकारका विभिन्न सरकारी साथै गैरसरकारी निकायहरूमा रोजगार सुनिश्चित गर्न UPSC, SPSC, SSC, Bank-PO, RRB, CTET आदि जस्ता प्रतिस्पर्धात्मक परीक्षाहरूका निम्ति सक्षम बनाउन निःशुल्क कोचिङ सेण्टरहरू शुरू गरिनेछ।
- राज्यका स्नातक र स्नातकोत्तर अध्ययनरत युवाहरूलाई विभिन्न सरकारी विभागहरूमा Paid Internship-का अवसरहरू सुनिश्चित गरिनेछ।

## दिगो कौशल विकास

- राज्यमा Sikkim Skill Development University-को स्थापना गरी 10,000 स्थानीय युवाहरूलाई समय सापेक्षित प्रविधिहरू जस्तै- Drone Technology, Artificial Intelligence, Data Science, Cyber Security, Machine Learning, Information Technology अनि Computer Science सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।
- राज्यमा PM Kaushal Vikas Yojana अन्तर्गत Sikkim Skill Development Corporation स्थापना गरी स्थानीय युवाहरूलाई दिगो रोजगारका अवसरहरू सुनिश्चित गर्न निम्न पहलहरू गरिनेछः-
  - उद्योग-धन्धा र युवाहरूबीच महत्वपूर्ण सेतुको भूमिका निर्वाह गर्दै रोजगारका अवसरहरू प्रदान गरिनेछ।
  - राज्यका युवाहरूलाई उचित मार्गदर्शन गर्न प्रशस्त Professional Counselor-हरूको उपलब्धता सुनिश्चित गरिनेछ।
  - स्थानीय युवाहरूलाई रोजगारका राष्ट्रव्यापी अवसरहरू सम्बन्धी जानकारी प्रदान गर्न मासिक क्यालेण्डर प्रकाशित गरिनेछ।
  - प्रतिष्ठित रोजगार प्रदान गर्ने संस्थानहरूसँग सहकार्य राखी स्थानीय युवाहरू विविध क्षेत्रमा रोजगारका अवसरहरू मिलाइनेछ।
  - विभिन्न प्रतिष्ठित संस्थाहरूका HR Representative- हरूसँग रोजगारका अवसरहरू सम्बन्धी अनलाइन जानकारीमूलक सत्र (Session)- को व्यवस्था गरिनेछ।
- केन्द्र सरकारसँग सहकार्य राखी पश्चिम सिक्किमको गेजिङमा Sikkim Disaster Management Research and Training Institute स्थापना गर्नका निम्ति ठोस पहल गर्नेछौं, जहाँ स्थानीय युवाहरूलाई प्राकृतिक आपदा सम्बन्धी प्रशिक्षण दिइनेछ।

- राज्यका सबै जिल्लाहरूमा Vishwakarma Training Center-हरू स्थापना गरी स्थानीय युवाहरूलाई निम्न 18 वटा शिल्पहरू जस्तै- मूर्तिकार,ढुङ्गा खोप्ने, डोको-थुन्चे-फुर्लुङ, गुन्द्री, कुच्चो बाट्ने, गलैंचा बुन्ने, परम्परागत पुतली र खेलौना बनाउने, माला बनाउने, दर्जी र माछा मार्ने जाल बनाउने आदि सम्बन्धी प्रशिक्षण दिइनेछ।

## युवा कल्याण

- राज्यका युवाहरूलाई रोजगार, शिक्षा, खेलकुद, साहित्य, कला-संगीत, आध्यात्मिकता र मानसिक स्वास्थ्य जस्ता विविध क्षेत्रमा सक्षम बनाउन सिक्किम राज्य युवा आयोग (Sikkim State Youth Commission)-को गठन गरिनेछ।
- राज्यमा सिक्किम सैनिक अभियान अन्तर्गत स्थनीय युवाहरूलाई Indian Army, Navy, Airforce, Central Armed Police Force (CAPF) र State Police सेवामा भर्ती परीक्षा (Recruitment Drives) गराउन ट्रेनिङ सेण्टरहरू शुरू गरिनेछ।
- हामी प्रत्येक जिल्लाहरूमा Youth Hostel-हरू निर्माण गर्नेछौं।
- PM Mudra Yojana अन्तर्गत स्थानीय युवाहरूलाई व्यापार-व्यवसाय शुरू गरी आत्मनिर्भर बनाउन बिना धितो (collateral-free) रू 10 लाख सम्मको लोन उपलब्ध गराइनेछ।

- राज्यका 12औं अनि कलेज उत्तीर्ण विद्यार्थीहरूलाई उच्च शिक्षा आर्जन गर्न र वचतको निम्ति (One time financial support) क्रमैले रू. 12,000 र रू. 36,000 आर्थिक सहयोग र प्रदान गरिनेछ।
- हामी राज्यमा Sikkim Against Drugs Initiative शुरू गरी निम्न पहलहरू गरिनेछः-
    - राज्यका दुर्व्यसनमा फँसेर सामाजिक रूपमा टाड़िएका युवाहरूलाई नयाँ जीवन प्रदान गर्न सबै जिल्लाहरूमा Drug De-addiction and Rehabilitation Centre-हरूको स्थापना गरिनेछ।
    - राज्यका सबै शैक्षिक संस्थानहरूमा लागू पदार्थ सेवन विरूद्ध सचेतनामूलक कार्यक्रमहरू आयोजना गरिनेछ।

## दिगो खेलकूद सुविधाहरू

- सिक्किमलाई खेलकूदको क्षेत्रमा Sports Hub-को रूपमा परिणत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरूको आयोजना गरिनेछ।
- केन्द्र सरकारसँगको सहकार्यमा सिक्किममा रू.1000 करोड़ खेलकूद पूर्वाधार कोष (Sikkim Sports-Infra Fund) - आवण्टन गरी निम्न पहलहरू गरिनेछः-
    - राज्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकूदहरू आयोजना गर्न Multi-Sports Stadium निर्माण गरिनेछ।
    - राज्यका प्रत्येक जिल्लामा Mini Multi-Sports Complex-हरूको निर्माण गरिनेछ।

- राज्यका प्रतिभावान खेलाड़ीहरूलाई चिन्हित गर्न प्रत्येक ब्लक स्तरसम्म Sports Nurseries निर्माण गरिनेछ।
- राज्यका सबै सरकारी विद्यालयहरूका खेल-मैदानहरूलाई बढ़ोतरी गरिनेछ।

■ राज्यमा Sikkim Sports University -को स्थापना गरी Sports Sciences, Technology, Management courses र गुणस्तरीय खेलकूद सम्बन्धी प्रशिक्षण दिइनेछ।

■ राज्यमा Sikkim Athletics Mission शुरू गरी प्रतिभाशाली Athletes- हरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको निम्ति तयारी हुन Preparatory financial support उपलब्ध गराउँदै निम्न पहलहरू गरिनेछः-

- Olympics, Commonwealth Games र Asian Games- हरूका निम्ति चयन हुने राज्यका खेलाड़ीहरूलाई रू. 15 लाख आर्थिक सहयोग प्रदान गरिनेछ।
- National Games, Khelo India Games र Northeast Games -हरूका निम्ति चयन हुने राज्यका खेलाड़ीहरूलाई रू. 5 लाख आर्थिक सहयोग प्रदान गरिनेछ।

■ Olympics, Commonwealth Games र Asian Games जस्ता प्रतियोगीताहरूमा पदक प्राप्त गर्ने खेलाड़ीहरूलाई —. 5 करोड़ नगद पुरस्कार प्रदान गरिनेछ। साथै National Games, Khelo India Games र Northeast Games-हरूमा पदक प्राप्त गर्ने खेलाड़ीहरूलाई रू. 10 लाख नगद पुरस्कार प्रदान गरिनेछ।

■ राज्यका पदक विजेता Athletes—हरूलाई सरकारी नौकरीहरूमा अवसर प्रदान गरिनेछ।

राज्यमा राष्ट्रिय र अन्तर्राष्ट्रिय फूटबल प्रतियोगिताहरू आयोजना गर्न अन्तर्राष्ट्रिय स्तरको Football Stadium निर्माण गरिनेछ।

■ राज्यमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताहरू आयोजना गर्न अन्तर्राष्ट्रिय स्तरको Cricket Stadium निर्माण गरिनेछ।

■ दक्षिण सिक्किमको किचुङ्ग्रामा निर्माणाधीन Tarundeep Rai Archery Academy निर्धारित समयसीमाभित्र पूरा गरिनेछ।

■ एक गाउँ -एक खेल मैदान (One-Village-One-Playground) कार्यक्रम अन्तर्गत राज्यका प्रत्येक गाउँहरूमा खेल मैदानहरू निर्माण गरिनेछ।

■ राज्यमा Sikkim Khel-Bhoomi Mission शरू गरी निम्न पहलहरू गरिनेछः-

- राज्यका Athlete –हरूको पञ्जीकरण गरिनेछ।
- राज्यका Athlete –हरूको प्रदर्शनलाई Real-Time-मा निगरानी राखिनेछ।
- स्थानीय Coach र Umpire-हरूलाई अन्य राज्यहरूमा रोजगारका अवसरहरू सिर्जना गर्न समन्वय राखिनेछ।

- देशका खेलकूद उद्योग जगतमा रहेका रिक्त पदहरूलाई पूरा गर्न राष्ट्रव्यापी रूपमा **Database** तयार गरिनेछ।
- खेलकूदबाट **Retirement** लिएका स्थानीय खेलाड़ीहरूलाई पुनः रोजगारको अवसरहरू प्रदान गरिनेछ।









# सबैको साथ सबैको विकास

**"We walk together, we move together, we think together, we resolve together, and together we take this country forward.**



## सामुहिक कल्याण

- राज्यमा प्रशस्तै आमा सामुदायिक क्यान्टिन (Aama Community Canteen) हरू शुरू गरी सबैको निम्ति प्रति थाली 5 –पियाँमा (खाना) उपलब्ध गराइनेछ।
- हामी पीडीएस योजना अन्तर्गत पर्ने लाभार्थीहरूलाई प्रत्येक महिना खाद्यान्न जस्तै- चामल, आँटा र कोदो निःशुल्क प्रदान गर्नेछौं।
- राज्यका पीडीएस अन्तर्गत पर्ने लाभार्थीहरूलाई प्रत्येक महिना चिनी रू.13/- प्रति किलो, आयोडिनयुक्त नून रू. 4/- प्रति किलो र दाल रू. 30/- प्रति किलो छुट दरमा प्रदान गरिनेछ।
- लामो समयदेखि सरकारी जमीनमा बसोबासो गर्दै आएका सिक्किमे नागरिकहरूलाई न्याय दिन उक्त जमीनहरूलाई स्थायी (Regularised) गरी पट्टा वितरण गर्न समर्पित समिति (Dedicated Committee)-को गठन गरिनेछ।
- Pradhan Mantri Awas Yojana – Gramin अन्तर्गत राज्यका भूमिहिन अनुसूचित जाति र जनजाति (SC & ST) –का सदस्यलाई जमीन उपलब्ध गराइनेछ।
- राज्यका पुरानो व्यापारी समुदायको Education र Scholarship benefits, Healthcare facilities, Old age allowances आदि जस्ता क्षेत्रहरूमा समग्र विकासको निम्ति Old Business Community Development Board–को गठन गरिनेछ।
- स्यारी निर्वाचन क्षेत्रअन्तर्गत विस्थापित 100 परिवारलाई पुनर्वास र उचित क्षतिपूर्ति दिलाइनेछ।

## सरकारी कर्मचारीहरूको कल्याण

- राज्यमा सरकारी कर्मचारीहरूको महँगाई भत्ता DA (Dearness Allowance) बढ़ाएर 50% गरिनेछ।
- राज्यमा 3 वर्ष पूरा गरेका सबै विभाग अधिनस्थ अस्थायी कर्मचारीहरूलाई अविलम्ब स्थायी (Regularised) गरिनेछ, साथै सरकारी विभागहरूमा सबै प्रकारका अस्थायी नियुक्ति प्रथालाई सदाको निम्ति बन्द गरिनेछ।
- सिक्किम सरकार अधिनस्थ सम्पूर्ण कर्मचारीहरूको निम्ति Uniform Transfer, Promotion र Retirement नीति लागू गरिनेछ।
- हामी सरकारी विभागहरूमा कार्यरत र सेवानिवृत्त कर्मचारीहरूका निम्ति Sikkim Government Employees Affordable Housing scheme शुरू गरी Subsidised Home Loan -हरू उपलब्ध गराउँनेछौं।
- राज्यका पुलिस, शिक्षक लगायत अन्य सरकारी कर्मचारीहरूका निम्ति Residential Quarter-हरू निर्माण गरिनेछ।

- राज्यका अतिउच्च र सुदूरवर्ती क्षेत्रहरूमा सेवारत सरकारी कर्मचारीहरूलाई High Altitude Allowance प्रदान गर्न उचित पहल गरिनेछ।

## अनुसूचित जाति र अनुसूचित जनजाति एवं अन्य पछौटेवर्गको कल्याण

- राज्यका विविध, सामाजिक मूल्यमान्यताहरूको संरक्षण-समवर्द्धन र सामुहिक विकासको निम्ति सिक्किम सामुदायिक विकास बोर्ड (Sikkim Community Development Board (SCDB)-को गठन गरिनेछ।
- राज्यका अनुसूचित जातिका विद्यार्थीहरूका निम्ति 100% Pre-Matric Scholarships Scheme for SCs and Others अन्तर्गत सुनिश्चित गरिनेछ।
- राज्यका ST, SC र OBC युवाहरूको निम्ति विभिन्न प्रतिस्पर्धात्मक परीक्षाको व्यवस्था गर्न Focused Coaching Centre-हरू स्थापना गरिनेछ।
- राज्यका ST, SC, र OBC समुदायका युवाहरूलाई आत्मनिर्भर बनाउन विभिन्न अवसरहरू प्रदान गर्न रू. 5 लाखसम्मको बिना धितो (Collateral-free) लोनहरू उपलब्ध गराइनेछ।
- हामी अनुसूचित जनजाति (ST) र अनुसूचित जाति (SC) परिवारहरूका निम्ति Subsidised housing loan scheme शुरू गर्नेछौं।
- हामी Sikkim Tribal Development Mission शुरू गरी सिक्किमे जनजाति समुदायका निम्ति Sanitation, Education, Nutrition स्वच्छ पिउने पानी आदिको सुनिश्चिततासँगै जीविकोपार्जनका अवसरहरूका व्यवस्था मिलाउनेछौं।
- राज्यका प्रत्येक जिल्लाहरूमा Eklavya Model Residential Schools (EMRS)-को स्थापना गरी समय सापेक्ष शिक्षा विकासको निम्ति Artificial Intelligence (AI) जस्ता अत्याधुनिक विषयहरूलाई पाठयक्रममा समावेश गरिनेछ।
- राज्यमा Pradhan Mantri Van Dhan Yojana शुरू गरी 40 वटा वन धन विकास केंद्रहरू स्थापना गर्दै जनजाति समुदायका निम्ति क्षमता विकासका प्रशिक्षणको व्यवस्थासँगै उनीहरूद्वारा उत्पादित विभिन्न सामग्रीहरूको बजारीकरण गरी आयवृद्धि गर्न पहल गरिनेछ।
- हामी राज्यका अनुसूचित जाति समुदायको शिक्षा, रोजगार लगायत समग्र विकासको निम्ति काम गर्नेछौं।

## चालकवर्गको कल्याण

- राज्यका सम्पूर्ण वाहन चालकवर्गको हित र सुरक्षाको निम्ति अखिल सिक्किम वाहनचालक सुरक्षा योजना शुरू गरिनेछ। जसअन्तर्गत कुनै पनि वाहन चालकको दुर्घटनामा परी मृत्यु भए ₹ 10 लाख सामान्य मृत्यु भएको खण्डमा रू. 2 लाख सम्मको क्षतिपूर्ति प्रदान गरिनेछ।

- हामी आर्थिक रूपमा विपन्न चालकवर्गका निम्ति वार्षिक रू. 5,000 आर्थिक सहयोग प्रदान गर्नेछौं।
- राज्यका सबै जिल्लामा चालक भवनहरूको निर्माण गरी चालकवर्गको सुविधाको निम्ति न्यूनतम शुल्कमा कोठा, पार्किङ सुविधा, स्वच्छ पिउने पानी तथा शौचालयको उचित व्यवस्था गरिनेछ।
- राज्यमा ट्याक्सी चालकहरूले वाहन किन्न चाहे न्यूनतम ब्याज दर (Minimal interest rates) मा लोनहरू उपलब्ध गराइनेछ, जसमा इलेक्ट्रिक वाहन पनि समावेश रहनेछ।

## असङ्गठित श्रमिकहरूको कल्याण

- राज्यका असङ्गठित क्षेत्रहरूमा कार्यरत कामदारहरूको सामाजिक सुरक्षाको निम्ति PM Jeevan Jyoti Bima Yojana, PM Suraksha Bima Yojana, र PM Ayushman Bharat Yojana अन्तर्गत 100% सुनिश्चितता गरिनेछ।
- राज्यमा MGNREGA-मा कार्यरत श्रमिकवर्गको दैनिक ज्यालामा क्रमैले वृद्धि गर्दै श्रमिकहरूको रू.300, लगायत अन्य क्षेत्रमा कार्यरत Unskilled worker-को रू.550, Semi-skilled worker-को रू.570, Skilled worker-को रू.585 र Highly Skilled worker-को रू.615 गरिनेछ।
- राज्यका असङ्गठित श्रमिकहरूको निम्ति Vishwakarma Shram Samman Yojana लागू गरी निःशुल्क क्षमता विकास प्रशिक्षणको व्यवस्था गरिनेछ।
- राज्यका असङ्गठित श्रमिकहरूलाई e-SHRAM portal अन्तर्गत 100% पञ्जीकरणको निम्ति राज्यव्यापी रूपमा Large Scale Registration Drive आयोजना गरिनेछ।
- हामी PM SVANidhi योजना अन्तर्गत street vendors-हरूलाई रू. 50,000 सम्म बिना धितो (collateral-free) लोन प्रदान गर्नेछौं।
- राज्यमा अवस्थित फार्मा कम्पनीहरूमा कार्यरत श्रमिकहरूको हितार्थ ठेकेदारी प्रथा (Labour Contract)-लाई निर्मूल पार्न समर्पित समिति (Dedicated Committee) गठन गरिनेछ।



## ज्येष्ठ नागरिक एवं दिव्यांगहरूको कल्याण

- राज्यका सबै धर्म अन्तर्गतका जेष्ठ आध्यात्मिक गुरूहरूलाई मासिक रू 5,000 पेन्सन प्रदान गरिनेछ।
- हामी वृद्ध भत्तालाई दोब्बर बढ़ोत्तरी गर्दै 60 वर्षकालाई रू. 3,000, 70 वर्षकालाई रू. 4,000 र 80 वर्ष माथिकालाई रू. 5,000 प्रदान गर्नेछौं।
- राज्यका सबै जिल्ला अस्पतालहरूमा वृद्ध-वृद्धाहरूका सुविधाको निम्ति Geriatric Specialisation Units -को स्थापना गरिनेछ।
- हामी राज्यका दिव्याङ्जनहरूको मासिक भत्तालाई दोब्बर वृद्धि गर्दै रू 1,500 देखि रू.3,000 बनाउनेछौं।
- राज्यका दिव्याङ्जनहरूको कल्याणार्थ केन्द्र सरकारको Unique ID (e-UDID card) -को उपलब्धता शतप्रतिशत सुनिश्चित गरिनेछ।
- Scheme of Assistance to Disabled Persons for Purchase/Fitting of Aids/Appliances (ADIP) Scheme अन्तर्गत Wheelchairs, Prosthetics, Orthotics र Hearing aids जस्ता सहायक उपक्रमहरू प्रदान गर्न निम्न पहलहरू गरिनेछ:-
  - प्रति महिना रू. 6,500 सम्म आय भएका व्यक्तिहरूका निम्ति निःशुल्क प्रदान गरिनेछ।
  - प्रति महिना रू. 10,000 सम्म आय भएका व्यक्तिहरूका निम्ति 50% सब्सिडी दिइनेछ।
- राज्यका सबै सरकारी र सार्वजनिक क्षेत्रहरूलाई दिव्याङ्गमैत्री बनाइनेछ।
- राज्यका दिव्याङ्गजनका निम्ति सरकारी नौकरीहरूमा 4% आरक्षण सुनिश्चित गरिनेछ।

## शिल्पकारहरूको कल्याण

- राज्यमा Sikkim Indigenous TeXtiles Promotion Scheme शुरू गरी स्थानीय हतकर्घा (Handloom) बुनकरहरूलाई निःशुल्क धागोहरू प्रदान गरिनेछ।
- राज्यका Handloom and Handicraft Training Centres अन्तर्गत प्रशिक्षण लिइरहेका प्रशिक्षणार्थीहरूलाई प्रतिमहिना रू. 3,000 भत्ता (Stipend) प्रदान गरिनेछ।
- राज्यका हतकर्घा (Handloom) बुनकरहरूको निम्ति Mukhya Mantri Bunkar Yojana लागू गरी छुट दरमा लोन उपलब्ध गराइनेछ।



## भूतपूर्व सैनिकहरूको कल्याण

- राज्य सरकार अधिनस्थ विभिन्न विभागहरूमा भूतपूर्व सैनिकहरूका निम्ति 3% रोगजारको आरक्षण सुनिश्चित गरिनेछ।
- राज्यका भूतपूर्व सैनिकहरूको स्वास्थ्य सुविधा सुनिश्चत गर्न गेजिङ, मङ्गन र नाम्चीमा ECHS Polyclinics स्थापना गरिनेछ।
- भूतपूर्व सैनिकहरूका निम्ति रू 3 लाखसम्मको बिना ब्याज (Interest-free) लोन उपलब्ध गराइनेछ।









# आर्थिक र औद्योगिक विकासको ग्यारेण्टी

It is my conviction to bring the North-East at par with the other developed regions of the country.



## आर्थिक विकास

- हामी सिक्किमको अर्थतन्त्रलाई आगामी 2034 सम्म $15 billion बनाउदै गरिबीमुक्त बनाउन निम्न प्रयासहरू गर्नेछौं-
  - राज्यमा Sikkim Industrial Policy लागू गरी विभिन्न रोजगारका अवसरहरू सिर्जनासँगै औद्योगिक क्षेत्रको विकास हेतु प्रोत्साहन र दीर्घमियादी विकासीय कदमहरू चालिनेछ।
  - Work from Sikkim initiative –को प्रबल सम्भावाहरूलाई ध्यानमा राखेर Coworking start-ups व्यवसाय अप्नाउन चाहने युवाहरूलाई 10-year tax holiday, Stamp duty, Business registration charges र Electricity मा Subsidy दिइनेछ।
  - राज्यमा Pharma Conclave आयोजना गरी Business-to-Government (B2G) र Business- to-business (B2B) साझेदारी गरी आउँदो 10 वर्षमा सिक्किमभित्र Pharmaceutical Unicorn विकसित गरिनेछ।
  - राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतका निवेशकहरूलाई सिक्किमप्रति ध्यानाकर्षण गराउन Vibrant Sikkim Investment Summit-को आयोजना गरिनेछ।
- हामी आउँदो 5 वर्षभित्रमा सिक्किमे नागरिकहरूको प्रति व्यक्ति आय (Per capita Income) दोब्बर बनाउन प्रतिवद्ध छौं।
- राज्यमा Single Window Platform -को स्थापना गरी लाइसेन्स र पर्मिटहरू अनलाइन प्राप्त गर्न सरल व्यवस्था मिलाइनेछ।
- राज्यमा रू. 100 करोड़को Sikkim Agri-venture Fund आवण्टन गरी Food processing र सम्बन्धित अन्य उद्योगहरूमा आवद्ध FPOs अनि सहकारी संस्थानहरूलाई व्यवस्थित गर्न Interest-free loans र Transport subsidy –हरूको प्रबन्ध गरिनेछ।
- राज्यमा स्वच्छ इन्धन (Clean Fuel) को प्रयोग र उत्पादन सुनिश्चित गर्न National Green Hydrogen Mission अधिनस्थ Sikkim Green Hydrogen Policy लागू गरी यसको प्रयोग र उत्पादनको निम्ति Green Hydrogen Energy Plant-हरू स्थापना गर्ने लक्ष्य रहेको छ।
- हामी Sikkim Magnolia Wood Policy लागू गरी म्याग्नोलिया प्रजातिका रूखको खेती र यसको उपयोगितालाई बढ़ावा दिन पुञ्जी निवेश गर्न Subsidy हरू उपलब्ध गराउनेछौं।
- हामी राज्यमा वर्षेनी Investment Mela-हरू आयोजना गरी स्थानीय उद्यमीहरू र MSME-हरूलाई सम्भावित लगानीकर्ताहरूसँग जोड्न साथै वित्तिय अवसरहरू खोज्न पनि मञ्च प्रदान गर्नेछौं।

## औद्योगिक पूर्वाधार

- सिक्किममा Food Processing Industry-हरूको विकास गर्न निर्यातमुखी Special Economic Zone (SEZ-को स्थापना गरिनेछ।
- सिक्किमलाई IT Hub-को रूपमा परिणत गर्ने उद्देश्य राखेर IT/ITES Special Economic Zone (SEZ)-हरूको स्थापना गरी निम्न पहलहरू गरिनेछः-
  - राज्यमा BPO स्थापना गर्न रू. 25 लाखसम्मको one-time grant प्रदान गरिनेछ।
  - महिला कर्मचारीहरूका निम्ति प्रशिक्षण प्रदान गर्न वेतन छुट (Wage Subsidy) दिइनेछ।
  - व्यवस्थापनमा आउने खर्चमा 50% छुट (Subsidy) दिइनेछ।
- हामी राज्यमा बाँस प्रद्योगिकी पार्क (Bamboo Technology Park) को स्थापना गर्दै यहाँ पाइने विभिन्न प्रकारका बाँसद्वारा बनिने सामग्रीहरूको दिगो उत्पादन क्षमता र प्रयोग सुनिश्चित गर्नेछौं।
- सिक्किममा लोकल मसला उद्योग साथै उत्पादकहरूका निम्ति बजारका अवसरहरू सिर्जना गर्न Spice Park स्थापना गरिनेछ।
- राज्यका प्रत्येक जिल्लाहरूमा Industrial Estate स्थापना गरी प्रत्येक व्यक्तिहरू, FPOs र Cooperative हरू निर्माण इकाईहरू (Manufacturing Units) शुरू गर्न प्रोत्साहित गरिनेछ।

## मेक इन सिक्किम

- हामी Uttar Poorva Transformative Industrialisation Scheme (UNNATI) 2024 अन्तर्गत Make in Sikkim पहल शुरू गरी उद्योगलाई कर लाभ (tax benefits), पुँजी सब्सिडी (Capital subsidies) र उत्पादन प्रोत्साहन (Production incentives) प्रदान गर्नेछौं।
- गान्तोकमा MSME Training Centre स्थापना गरी उद्यमीहरूलाई आफ्नो योजना कार्यान्वयन गर्न प्रशिक्षण गरिनेछ।
- One District, One Product कार्यक्रम अन्तर्गत राज्यका प्रत्येक जिल्लामा ODOP Facilitation Center- हरू स्थापना गरी Credit Facilities, Skill Development, Branding र उत्पादनहरूको बजारीकरणको निम्ति सहयोग गरिनेछ।
- हामी प्रमुख वेवसाइट ई-कमर्स-को सहकार्यमा सिक्किमको MSME र ODOP उत्पादनहरू जस्तै चिज, छुर्पी, डल्ले र अलैंची आदिलाई अन्तर्राष्ट्रिय बजारमा विशेष पहिचान दिनका निम्ति Sikkim Trustmark पहल शुरू गर्नेछौं।

- राज्यका सरकारी विभागहरूद्वारा आयोजित टेण्डर र खरीदारीहरूमा सिक्किमेको नेतृत्वमा रहेको MSME इकाइहरूलाई प्राथमिकता दिइनेछ।
- राज्यका MSME एकाइहरूलाई बिजुली बिलमा कटौती गर्न छुट दरमा Solar Installation गरिनेछ।










# बलियो पूर्वाधारको ग्यारेण्टी

**Work is progressing rapidly to extend both the infrastructural and emotional connectivity to Sikkim and the Northeast. Over the last four years, I have often interacted with the people of the Northeastern states to seek their blessings and learn about the progress of development work.**



## व्यवस्थित यातायात

- Sikkim Gati Shakti Master Plan- शुरू गरी राज्यका सड़कहरू, रेलमार्ग र वायुमार्ग (Roadways] Railways and Airways)-बीच आपसी समन्वय राख्न मल्टी मोडल पूर्वाधार विकास (Multi Model Infrastructural Development) -को थालनी गरिनेछ।
- National Highways and Infrastructure Development Corporation Ltd. (NHIDCL) –सँगको सहकार्यमा निर्माणाधीन NH-10, NH-717A, NH-717B र NH-510- हरूलाई निर्धारित समयसीमाभित्र पूरा गर्न सुनिश्चित गरिनेछ।
- राज्यको ग्रामीण क्षेत्रहरूमा यातायात सुविधाहरूलाई सुनिश्चित गर्न Pradhan Mantri Gram Sadak Yojana अन्तर्गत विद्यमान सड़कहरूको मरम्मतीसँग-सँगै नयाँ सड़कहरू पनि निर्माण गरिनेछ।
- Border Roads Organisation (BRO) सँग सहकार्य राखी NH-310A –लाई वर्षैभरि यातायात सुविधा (All-weather connectivity) सुनिश्चित गरिनेछ।
- National Ropeways Development Programme – Parvat Mala Scheme अन्तर्गत गान्तोकदेखि रानीपुलसम्म अत्याधुनिक सुविधायुक्त रोप-वे निर्माण गरिनेछ।
- Regional Connectivity Scheme – UDAN अन्तर्गत सिक्किमलाई देशका विभिन्न स्थानहरूसँग जोड़्न पाकिम हवाई अड्डाबाट नियमित उड़ानहरू सुनिश्चित गरिनेछ।
- पाकिम हवाई अड्डामा खराब मौसम र रात्रि समयमा अवतरणको निम्ति advanced Instrument Landing System (ILS) जड़ान गर्ने दिशामा पहल गरिनेछ। साथै अवतरणको निम्ति पर्याप्त क्षेत्रफल बढ़ाउने दिशामा पनि पहल गरिनेछ।
- केन्द्र सरकारको सहकार्यमा राज्यलाई अन्य राज्यको रेलमार्गसँग अबिलम्ब जोड्न Sevoke-Rangpo New BG Rail Line निर्धारित समयसीमाभित्र पूरा गर्न पहल गरिनेछ।
- हामी राज्यमा Sikkim Logistics and Commercial Transport Policy शुरू गरी अन्तर-राज्य माल वाहक परिवहन सेवालाई सरल र प्रभावी बनाउन निम्न प्रयासहरू गर्नेछौं:-
    - ट्रकहरूले राष्ट्रियस्तरको पर्मिट बनाउन पाँच वर्षको निम्ति शुल्क मात्र रू. 5,000 भुक्तान गर्नुपर्नेछ।
    - वाहनको मूल्यको आधारमा भुक्तान गर्नुपर्ने रोड ट्याक्स 15 वर्षसम्मका निम्ति माफ गरिनेछ।

## सार्वजनिक यातायात एवं ट्राफिक व्यवस्थापन

- हामी राज्यका ग्रामीण र अन्तर-राज्य बस सेवालाई विस्तार गर्न अझ नयाँ र लग्जरी बसहरू सामेल गर्नेछौं।
- राजधानी गान्तोकमा अवस्थित SNT बस स्टेसनलाई 50 करोड़ निवेश गरी अत्याधुनिक सुविधायुक्त पूर्वाधारको रूपमा विकसित गर्नेछौं।
- राजधानी गान्तोक लगायत जिल्ला मुख्यालयहरूमा ट्राफिक व्यवस्थापनको निम्ति भित्री र बाहिरी रिङ रोडहरू निर्माण गरिनेछ।
- राज्यमा अत्याधुनिक प्रविधिहरूको प्रयोग गरी वाहनहरूको भीड़ र ट्राफिक व्यवस्थापनको सुनिश्चित गर्न मुख्य बजारहरूमा Integrated Traffic Management System शुरू गरिनेछ।
- राज्यका मुख्य बजारहरूमा Smart Parking System-लागू गर्दै New multi-parking spaces-हरू निर्माण गरिनेछ।
- बढ्दो वाहनहरूको भीड़ र सर्वसाधारणहरूको सुविधालाई ध्यानमा राख्दै सबै जिल्ला मुख्यालयमा Foot Over Bridges (FOBs)-को निर्माण गर्न पहल गरिनेछ।
- राज्यका शहरदेखि गाउँसम्मका अन्तिम गन्तव्यसम्म पर्यावरणमैत्री 50 e-Buses-हरू Faster Adoption and Manufacturing of Electric Vehicles in India (FAME Phase II) Scheme अन्तर्गत सञ्चालनमा ल्याइनेछ।
- आउँदो 5 वर्षभित्रमा राज्यका सबै जिल्लाहरूमा Electric Vehicle Charging Station-हरूको स्थापना गरिनेछ।

## शहरी विकास

- केन्द्र सरकारको सहकार्यमा गान्तोक र नाम्ची शहरमा Smart Cities Mission अन्तर्गत सञ्चालिहत सबै परियोजनाहरू पूरा गर्न निम्न पहलहरू गरिनेछः-
    - विद्यमान फुतपाथहरूको बढ़ोत्तरी गरिनेछ।
    - Multi-level Car Parking –को निर्माण गरिनेछ।
    - गान्तोक र नाम्चीमा सामुदायिक शौचालयहरू निर्माण गरिनेछ।
- राजधानी गान्तोकलाई देशकै पहिलो Green Hydrogen smart city-को रूपमा विकसित गर्न पहल गरिनेछ।
- राज्यको सबै जिल्लाहरूमा वैज्ञानिक ढाँचामा Sewage Treatment Plant-हरूको निर्माण गर्न साथै विद्यमान प्लान्टहरूलाई बढ़ोत्तरी गरिनेछ।

- राज्यका सबै शहर बजारहरूमा Swacch Bharat Mission-Urban अन्तर्गत सामुदायिक शौचायलयहरू निर्माण गरिनेछ।
- गान्तोक जिल्ला अन्तर्गत लोवर मार्तामा Dump Remediation Plant निर्माण गरी उक्त Garbage Dumping Area –लाई ग्रीन पार्कको रूपमा परिणत गरिनेछ।
- राज्यका सबै जिल्लाहरूमा Solid Waste processing facility-हरू शुरू गरी फोहोर-मैलाहरूलाई शतप्रतिशत प्रबन्धन गर्न ठोस पहल गरिनेछ।
- राज्यका सबै मुख्य बजारहरूमा अवस्थित झोड़ा-नालाहरूलाई स्वच्छ र सफा राखिनेछ।
- Digital India Initiative कार्यक्रमसँग सहकार्य राखी Connect Sikkim Mission शुरू गर्दै शतप्रतिशत इण्टरनेटको सुनिश्चित गर्न निम्न पहलहरू गरिनेछः-
  - मुख्य शहर र गाउँहरूमा 5G services अन्तर्गत high-speed internet सुविधा शुरू गरिनेछ।
  - सार्वजनिक स्थलहरूमा Free WiFi hotspot हरू सिर्जना गरिनेछ।
- राजधानी गान्तोक लगायत अन्य मुख्य बजारहरूका सड़कका छेउछाउहरूमा अलपत्र अवस्थामा रहेका विभिन्न तारहरूलाई क्रमवद्ध रूपले अण्डरग्राउण्ड गर्ने दिशामा पहल गरिनेछ।

## ग्रामीण विकास

- राज्यका सबै सीमावर्ती क्षेत्रमा अवस्थित गाउँहरूलाई केन्द्र सरकारको Vibrant Villages Programme अन्तर्गत समग्र ढाँचागत विकास (Holistic Infrastructural Development) सुनिश्चित गरिनेछ।
- राज्यका ग्रामीण क्षेत्रहरूमा वर्षैभरि यातायात सुविधा सुनिश्चित गर्न पक्का सड़क निर्माण गरिनेछ।
- राज्यमा सामुदायिक कार्यक्रमहरूको आयोजना गर्न प्रत्येक ग्राम पञ्चायत स्तरमा Multipurpose Community Hall –हरू स्थापना गरिनेछ।
- Bharat Net Project अन्तर्गत राज्यका सबै ग्राम पञ्चायत स्तरसम्म शतप्रतिशत high-speed broadband internet सुविधा सुनिश्चत गरिनेछ।
- Pradhan Mantri Gram Sadak Yojana अन्तर्गत प्रत्येक ब्लकस्तरमा सञ्चालित विकासीय गतिविधिहरूलाई GIS data-को माध्यमद्वारा निगरानीमा राखिनेछ।

## बुनियाँदी सुविधाहरू

- Pradhan Mantri Awas Yojana Gramin and Urban अन्तर्गत योग्य लाभार्थीहरूलाई 2025 भित्र सुलभ मूल्यमा आवासहरूको निर्माण सुनिश्चित गरिनेछ।
- राज्यका सबै घरहरूमा स्वच्छ पेय जल उपलब्ध गराउन प्रतिबद्ध रहँदै सञ्चालित Jal Jeevan Mission अन्तर्गत चलिरहेका योजनाहरूको पुनःअवलोकन गरिनेछ।
- राजधानी गान्तोकमा पर्याप्त जल आपूर्तिसँगै स्वच्छ पेय जलको उपलब्धता सुनिश्चित गरिनेछ।
- प्रधानमन्त्री सूर्य घररू मुफ्त बिजली योजना अन्तर्गत प्रत्येक घर-परिवारलाई रूफटप सोलार जडान गर्न प्रोत्साहित गरी उक्त सोलर प्यानलद्वारा उत्पादित 300 यूनिटसम्म विजुली प्रति महिना निरूशुल्क उपलब्ध गराइनेछ।
- राज्यका ग्रामीण तथा शहरी क्षेत्रहरूमा Rooftop Rainwater Harvesting Systems -लाई अप्नाइ बढ़ावा दिन रू. 100 करोड़ निवेश गरिनेछ।
- केन्द्र सरकारसँग सहकार्य राखी राज्यमा Piped Natural Gas (PNG) Connection-को व्यवहारिकतामाथि विचार-विमर्श गरिनेछ।

## आपदा प्रबन्धन

- North Eastern Space Applications Centre (NESAC)-को सहकार्यमा Sikkim State Disaster Response Force-लाई सशक्त बनाउन अत्याधुनिक निगरानी उपकरण र उच्च प्रविधि ड्रोनहरूको प्रयोग गरिनेछ।
- राज्यमा आइपर्ने आपदाहरूको सामना गर्न Flood Early Warning Systems जड़ान गरी पूर्व सूचना प्रदान गर्न जलस्तर सेन्सरहरू, बाढी पूर्वानुमान प्रणाली जस्ता प्रविधिहरू प्रयोग गरिनेछ।
- राज्यमा राष्ट्रिय राजमार्ग 10-अन्तर्गत soil nailing, rock bolting र भू-स्खलनहरूसँगै ज्यान-मालको नोक्सानीलाई रोकथाम गर्न slope stabilisation techniques लागू गरिनेछ।
- Aapda Mitra Scheme अन्तर्गत प्रत्येक जिल्लामा 200 सामुदायिक स्वयंसेवकहरूलाई आपतकालिन स्वास्थ्य प्रशिक्षण प्रदान गरिनेछ।
- राज्यमा प्राकृतिक आपदा आइपर्ने सम्भावनालाई ध्यानमा राखेर नदीका किनारहरूमा सुरक्षा पर्खालहरू निर्माण गर्न पहल गरिनेछ।

## वन एवं पर्यावरण

- हामी Sustainable Development Goals (SDGs) अन्तर्गत सबै विकासीय अनि बुनियाँदी पूर्वाधार निर्माण परियोजनाहरूलाई निर्दिष्ट दर्शन अनुरूप पूरा गर्न प्रतिवद्ध छौं।
- हामी राज्यको घनत्वलाई बढ़ाएर carbon negative status प्राप्त गर्न जैविक विविधताको संरक्षण हेतु काम गर्नेछौं।
- राज्यमा विद्यमान कलकारखानाबाट निस्कने दूषित पदार्थहरूबाट खोला र नदीहरूलाई जोगाउन Industrial Water Use Management Policy बनाएर प्रभावी ढङ्गमा कार्यान्वयन गर्ने दिशामा काम गर्नेछौं।
- सिक्किमलाई प्लास्टिक मुक्त राज्य (Plastic-free Sikkim) बनाउन एकल प्रयोग प्लास्टिक (Single-use Plastic) उत्पादनमा कठोर प्रतिबन्ध लगाइनेछ।










# सुशासनको ग्यारेण्टी

"In order to fulfill the aspirations of masses, we have to sharpen the tool called the government machinery: we have to make it keen, more dynamic, and it is in this direction that we are working.



## पारदर्शिताको सुनिश्चितता

- हामी टिस्टा ड्याम परियोजनाको निर्माणलाई लिएर केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) जाँच शुरू गर्नेछौं। सँगै-सँगै उक्त दु:खद विपत्तिका निम्ति जवाफदेहिता सुनिश्चित गर्नेछौं।
- टिस्टा जल प्रलयको कारण भएको क्षय-क्षतिको समीक्षा गरी सबै पीड़ितहरूलाई उचित क्षतिपूर्ति दिलाएर न्याय दिनका निम्ति उच्च स्तरीय समिति गठन गरिनेछ।
- सिक्किम लोक सेवा आयोग (SPSC) अन्तर्गत आयोजना हुने परीक्षाहरूमा पारदर्शिता, स्वतन्त्रता र जवाबदेहिता सुनिश्चित गरिनेछ।
- सिक्किम विधानसभाका सबै सत्रहरूलाई प्रत्यक्ष प्रसारण (Live telecast) गरिनेछ।
- राज्य सरकार अधिनस्थ "C" र "D" Grade-का पदहरू परीक्षा आयोजना गरी योग्यताको आधारमा नियुक्ति गरिनेछ।
- हामी Saksham Sikkim Grievance Redressal Program –को निम्ति निम्न पहलहरू गर्नेछौः-
  - राज्यमा जनसाधारणको गुनासोहरूलाई तत्काल सम्बोधन गर्न समर्पित CM Helpline र Website शुरू गरिनेछ।
  - राज्यमा जनसाधारणको गुनासोहरूलाई सम्बोधन गर्न सबै जिल्लापाल (DC) र पुलिस अधीक्षक (SP)-हरूको समन्वय बैठक आयोजनासँगै प्रत्येक निर्वाचन क्षेत्रमा नियमित रूपमा विधायकहरूको जनसंयोग सभाहरू आयोजना गरिनेछ।

## कानुन व्यवस्था

- राजधानी गान्तोक शहरको सुरक्षाको निम्ति कानुन व्यवस्था सशक्त बनाउन Police Commissionerate System स्थापना गरिनेछ।
- सिक्किम एन्टी ड्रग्स एक्ट, 2006 अन्तर्गत आवश्यक धाराहरूलाई संशोधन गरी प्रभावी ढङ्गमा कार्यान्वयन गरिनेछ।
- पर्यटक लगायत स्थानीयहरूको सुरक्षा सुनिश्चित गर्न Tourist Police Unit-हरू स्थापना गरिनेछ।
- हामी रणनीतिक रूपले राज्यमा आइपर्ने आपदा ट्राफिक नियन्त्रण र चुनौतीपूर्ण क्षेत्रहरूको निगरानी गर्न ड्रोनहरूलाई प्रयोगमा ल्याउछौं।

## सुशासन

- राज्यमा विभिन्न सरकारी योजनाहरू झञ्झटमुक्त प्रक्रियाद्वारा उपलब्ध गराउन योग्य परिवारहरूलाई Sikkim Pariwar Card प्रदान गरिनेछ। जसअन्तर्गत लाभार्थीहरूले Direct Benefit Transfer (DBT) द्वारा शतप्रतिशत लाभ प्राप्त गर्नेछन।
- हामी पञ्चायत स्तरमा Sikkim Sahayak Initiative शुरू गरी सरकारी सेवाहरूलाई आम जनताको घर-दैलोसम्म पुर्‍याउनेछौं।
- सिक्किमको अर्थतन्त्रलाई सही बाटोमा ल्याउन केन्द्रिय नीति आयोगको समन्वयमा Sikkim Transformation Commission गठन गरिनेछ।
- राज्यका शिक्षित युवाहरूलाई विभिन्न सरकारी विभागहरूमा Sikkim Governance Fellowship अन्तर्गत नियुक्त गरिनेछ।
- चेन्नई, बेङ्लोर, भेलोर, अयोध्या, बुद्ध गया आदि जस्ता स्थानहरूमा Sikkim House-हरू स्थापना गरिनेछ।




## मिनिमम गभर्मेण्ट, म्याक्सिमम गभर्मेन्स

- हाम्रो सरकारमा "न्यूनतम सरकार, अधिकतम शासन" (Minimum Government, Maximum Governance) लाई आधार बनाई पारदर्शिता, दक्षता, सहभागिता र भ्रष्टाचारमुक्त शासन व्यवस्था सुनिश्चित गर्न प्रतिवद्ध छौं।
- Companies Act-को स्थायी समाधानको निम्ति राज्यमा एक विशेषज्ञ समिति (Expert Committee) गठन गरिनेछ।
- ग्राम पञ्चायतहरूको समग्र विकासको निम्ति देशको सम्विधान अनुरूप पञ्चायतीराज संस्थानहरूलाई सुरक्षित र सशक्त बनाउन पहल गरिनेछ।

## कानुनी सुधार

- हामी राज्यमा Judicial Infrastructure Development Fund शुरू गरी निम्न पहलहरू गर्नेछौः-
  - राज्यवासीलाई निर्बाद रूपमा न्याय दिन पाकिम र सोरेङमा जिल्ला न्यायालयहरूको निर्माणसँगै विद्यमान पूर्वाधारहरूलाई बढ़ोत्तरी गरिनेछ।
  - राज्यमा अत्याधुनिक सुविधायुक्त Bar Libraries, र e-Library- हरू स्थापना गरिनेछ।


- मानवीय उच्च न्यायालयसँग सहकार्य राखि राज्यमा जजहरूको रिक्त पदहरूलाई परिपूर्ति गर्न पहल गरिनेछ।
- राज्यवासीलाई निःशुल्क कानुनी परामर्श दिन प्रत्येक जिल्लामा Pro-bono Legal Clinics-को स्थापना गरिनेछ।







SIKKIM PREMIER LEAGUE 2024
TOGETHER FOR SIKKIM FOOTBALL









# NOTES

# NOTES

# NOTES







# भारतीय जनता पार्टी

## सिक्किम

प्रगतिको निम्ति विश्वासका साथ, कमल छाप